

# कोशी प्रदेशको आर्थिक/ व्यवसायिक पार्श्वचित्र, २०८०



**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

## शुभकामना

आर्थिक विकास, आयवृद्धि र रोजगारी-सिर्जनाको कार्य सामूहिक प्रयासबाट मात्र सम्भव छ । सार्वजनिक र निजी क्षेत्रबाट गरिने लगानीका बिचमा सामञ्जस्य कायम गर्न सके सीमित स्रोतको उच्चतम प्रयोग भई आर्थिक विकास र समृद्धिको लक्ष्य प्राप्ति पनि सहज बन्दछ । आन्तरिक र वाह्य लगानी बढाउन प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्ने तथा लगानी मैत्री वातावरण तयार पार्ने कार्यमा सरकार र निजी क्षेत्रका बिच प्रभावकारी समन्वय र साझेदारी हुनुपर्छ ।

निजी क्षेत्र सरकारको आधा अङग हो भन्ने कुरामा म विश्वास्त छु । कोशी प्रदेशको आर्थिक विकास र समृद्धिको यात्रा अघि बढाउने सन्दर्भमा प्रदेश सरकारले अनुकूल र लगानी मैत्री वातावरणको निर्माण गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ । लगानी-विस्तारका साथै आय र रोजगारी प्रवर्धनका लागि पनि प्रदेशको आर्थिक अवस्था र सम्भावना सम्बन्धी वास्तविक तथ्याङ्कको उपलब्धता अनिवार्य हुन्छ । यसका अभावमा हामीले अघि सार्ने नीति तथा कार्यक्रमको प्रभावकारिता सम्भव हुँदैन ।

यस पृष्ठभूमिमा निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले प्रादेशिक अर्थतन्त्र र आर्थिक गा( तविधि सम्बन्धी तथ्याङ्क समेटिएको आर्थिक पार्श्वचित्र निर्माण गरी प्रकाशन गर्न लागेकोमा महासंघलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । नेपाल उद्योग वाणिज्य महासंघले प्रकाशनमा ल्याएको पार्श्वचित्रमा रहेका आर्थिक लगायतका तथ्याङ्क प्रदेश सरकार र निजी क्षेत्र लगायत सबै सरोकारवालाहरूका लागि उपयोगी हुने विश्वास लिएको छु ।

यसमा रहेका तथ्याङ्कको उपयोगबाट मात्र यसमा रहेका तथ्याङ्क तथा सूचनाको महत्व स्थापित हुन्छ । त्यसैले यसको अधिकतम प्रयो गका लागि सम्बन्धित सबैलाई अनुरोध गर्दछु । पार्श्वचित्रलाई समयबद्ध रूपमा अद्यावधिक र परिष्कृत गर्ने विषय पनि महासंघको प्राथमिकतामा रहने विश्वास व्यक्त गर्दछु । यसका लागि महासंघसँग सहकार्य गर्न प्रदेश सरकार प्रतिबद्ध छ । फेरि पनि बधाई र शुभकामना सहित धन्यवाद ।

**मिति : २०८० कात्तिक २१ गते मंगलबार**

..............................

**केदार कार्की**

मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry

P.O. Box: 269
Sahid Sukra
FNCCI Milan Marg, Pachali
Teku, Kathmandu, Nepal
Tel.: 4262061, 4262218, 4266889
Fax: 977-1-4261022, 4262007
E-mail: fncci@mos.com.np
http://www.fncci.org



२०८०।०७।२३

# शुभ–कामना

नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशले प्रदेशको आर्थिक पार्श्वचित्र निर्माण गरी प्रकाशनमा ल्याउन लागेको जानकारी पाउँदा हर्षित छु । प्रदेशको आर्थिक सामाजिक अवस्थाको झलक, आर्थिक गतिविधिको विद्यमान अवस्था एवं कृषि, उद्योग र सेवा सम्बन्धी थप तथ्याङ्क समेटेर तयार गरेको पार्श्वचित्र कोशी प्रदेश सरकार, निजी क्षेत्रका सरोकारवाला, संघसंस्थाहरू लगायत सम्बन्धित सबैका लागि भरपर्दो सन्दर्भ सामग्री बन्न सक्ने विश्वास लिएको छु ।

उद्योग, व्यवसाय, अर्थतन्त्र लगायतका विषयमा गरिने अध्ययन, अनुसन्धान एवं तथ्याङ्क विश्लेषणले उद्योग व्यवसाय शुरुवात, उत्पादन विविधिकरण, बजारीकरण जस्ता कार्यलाई व्यवस्थित रुपमा अघि बढाउने आधार प्रदान गर्छ । नीति निर्माण र कार्यान्वयनमा संलग्न हुने सबै तहका सरकार र सम्बन्धित निकायका लागि पनि आर्थिक क्षेत्रका समस्या पहिचान र समाधानको आधार पहिल्याउनका लागि तथ्याङ्क विश्लेषण आवश्यक छ । यसैलाई दृष्टिगत गरी नेपाल उद्योग वाणिज्य महासंघले विगत लामो समयदेखि विभिन्न क्षेत्रमा अध्ययन र अनुसन्धानका कार्यलाई प्राथमिकतामा राख्दै आएको छ ।

उल्लिखित सबै कार्यका लागि विश्वसनीय तथ्याङ्कको उपलब्धता आवश्यक हुन्छ । त्यसैले पार्श्वचित्र निर्माणको कार्य प्रशंसनीय छ । आशा छ, यसबाट कोशी प्रदेश मित्र मात्र नभई प्रदेशको विकास र समृद्धिमा चासो राख्ने सबै पक्ष र सरोकारवाला लाभान्वित हुनेछन् । सीमित स्रोत साधनबाट पार्श्वचित्र निर्माणको महत्वपूर्ण कार्य सम्पन्न गरेकोमा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत लगायत सिङ्गो कार्य समिति प्रति आभार सहित हार्दिक बधाई तथा शुभ–कामना व्यक्त गर्दछु । तथ्याङ्क व्यवस्थापन एकपटक गरेर पुरा हुने नभई निरन्तरता बाट मात्र पूर्णता पाउने कार्य भएकोले यसले आगामी दिनमा पनि निरन्तरता पाउने विश्वास छ ।

चन्द्र प्रसाद ढकाल
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

# नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश

Federation of Nepalese Chambers of Commerce & Industry, Koshi Province



## आर्थिक पार्श्वचित्र बारे

कृषि, उद्योग र सेवा जस्ता प्रमुख आर्थिक क्षेत्रमा सरकार र नीजि क्षेत्रको प्राथमिकतामा सामञ्जस्यता र प्रभावकारी साझेदारीबाट मात्र दीगो र फराकिलो आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ । तुलनात्मक लाभका क्षेत्र र लगानी सम्भावनाका बारेमा पर्याप्त सूचना तथा जानकारीको उपलब्धता त्यसका लागि प्रस्थान बिन्दु हो । यसैलाई दृष्टिगत गरी नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशले कोशी प्रदेशको आर्थिक पार्श्वचित्र निर्माणको कार्य अघि बढाएको हो ।

पार्श्वचित्र निर्माणको प्रारम्भमा उपलब्ध द्वितीयक स्रोतका तथ्याङ्क तथा सूचना एकीकृत गरियो । आर्थिक गतिविधि सम्बन्धि सुक्ष्म तथ्यांकको उपलब्धता सीमित रहेको, प्रदेश सरकार तथा निकायहरूबाट आर्थिक र व्यवसायिक तथ्याङ्क सङ्कलन र प्रकाशन नगन्य मात्रामा मात्र भएको तथा उपलब्ध तथ्याङ्क पनि जिल्लागत रुपमा खण्डीकृत नभएको कारण पार्श्वचित्र निर्माणका लागि सूचना प्राप्तिका विभिन्न विकल्प प्रयोग गरियो । संघीय र प्रादेशिक निकायले प्रकाशन नगरेका द्वितीयक स्रोतका थप तथ्याङ्क जिल्ला उद्योग वाणिज्य संघको समन्वयमा जिल्ला स्थित निकायहरूबाट यथा सम्भव सङ्कलन गरियो भने उत्पादन मुलक उद्योग, कृषि व्यवसाय तथा पर्यटन सम्बन्धी थप तथ्याङ्क प्राथमिक स्रोतबाट सङ्कलन गरियो ।

आर्थिक पार्श्वचित्रमा कोशी प्रदेशको आर्थिक, सामाजिक अवस्थाको सामान्य झलक, जिल्लागत रुपमा औपचारिक र अनौपचारिक रुपमा सञ्चालन भइरहेका आर्थिक गतिविधिको अवस्थालाई बेग्लै खण्डमा समावेश गरिएको छ । त्यस बाहेक पार्श्वचित्रमा कृषि उत्पादन र उत्पादकत्व, पर्यटकीय गन्तव्य तथा सेवा, उत्पादन मुलक उद्योगको सङ्ख्या, कच्चा पदार्थ, ऊर्जाको स्रोत लगायतका विषय समावेश गरिएको छ ।

समय र स्रोतको सीमितताका कारण पार्श्वचित्र निर्माणका क्रममा प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन सहजतामा आधारित नमूना विधिको प्रयोग गरिएको छ । त्यसैले पार्श्वचित्रको प्रारम्भिक संस्करणमा उपलब्ध तथ्याङ्क सबै सन्दर्भ र प्रयोगका लागि अपर्याप्त हुनसक्छन् । तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई उपलब्ध तथ्याङ्कका आधारमा तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्ने कार्यलाई पनि महासंघले अघि बढाएकाले पार्श्वचित्रका सीमिततालाई तथ्याङ्क व्यवस्थापन प्रणालीले क्रमशःपूर्ति गर्ने विश्वास लिइएको छ ।

पार्श्वचित्र निर्माणका क्रममा गणक परिचालन, तथ्याङ्क सङ्कलनका विधि र औजार विकास तथा सङ्कलित तथ्याङ्क विश्लेषणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने कम्युनिटी इन्गेजमेन्ट्स् एण्ड आउटरिच प्रा.लि. र सहयोग गर्ने द एसिया फाउण्डेशन प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । पार्श्वचित्र निर्माणको समग्र कार्यको समन्वय गर्ने नेपाल उद्योग वाणिज्य महासंघका **कार्यकारी निर्देशक राधारमण भण्डारी (श्याम)**, तथ्याङ्क सङ्कलनमा संलग्न गणकहरू तथा यस कार्यमा संलग्न सबै प्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

..............................

**राजेन्द्र राउत**

अध्यक्ष

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश

हरगाहि, विराटनगर-२, नेपाल
टेलिफोन नं.: [illegible]
फ्याक्स नं. : [illegible]

STOP CHILD LABOUR

# विषयसूची

**खण्ड १ आर्थिक पार्श्वचित्र र तयारी प्रक्रिया**

१.१. परिचय
१.२. उद्देश्य
१.३. अध्ययन विधि
१.४ पार्श्वचित्र तयारीका सीमा

**खण्ड २ आर्थिक सामाजिक अवस्था**

२.१. प्रदेश परिचय
२.२. जनसाङ्ख्यिक अवस्था
२.३. आर्थिक क्रियाकलाप
२.४. प्रदेश अर्थतन्त्र
२.५. नेपालको बैदेशिक व्यापारमा कोशी प्रदेशको योगदान
२.६. प्राकृतिक स्रोत
२.७. जलवायु
२.८. ऊर्जा
२.९. बैंक तथा वित्तीय संस्था
२.९.१. स्वास्थ्य संस्थाहरू
२.९.२. शैक्षिक संस्थाहरू

**खण्ड ३ आर्थिक क्रियाकलाप**

३.१ उद्योग व्यवसाय र संलग्न जनसङ्ख्या
३.१.१. कोशी प्रदेशमा सञ्चालनमा रहेका उत्पादनमुलक उद्योगहरूको विवरण
३.१.२. कृषिमा आधारित व्यवसाय
३.१.३. खानी तथा खनिज पदार्थमा आधारित उद्योग व्यवसाय
२.१.४. थोक तथा खुद्रा व्यापार
२.१.५. यातायात, भण्डारण सूचना तथा सञ्चार व्यवसाय
२.१.६. होटल तथा रेष्टुरेन्ट व्यवसाय
२.१.७. वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसाय
२.१.८. शैक्षिक संस्था सम्बन्धी विवरण
२.१.९. स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण
२.१.१०. घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको विवरण
२.१.११. उद्योग व्यवसायमा व्यक्तिको संलग्नताको आधारमा
२.१.१२. उद्योग विभागमा दर्ता भएका उद्योग र रोजगारी प्रतिवद्धता
२.१.१३. निर्यातमुलक उद्योग व्यवसाय

**खण्ड ४ कृषि, उत्पादनमुलक उद्योग र पर्यटन**

४.१. कृषि क्षेत्र
४.१.१. कृषि वस्तुको थोक तथा खुद्रा व्यापार
४.२. उद्योग क्षेत्र
४.३. पर्यटन क्षेत्र

# तालिका सूची

**खण्ड २ आर्थिक सामाजिक अवस्था**

तालिका १ : जनसङ्ख्या वृद्धिको तुलनात्मक अवस्था (प्रतिशत)
तालिका २ : कोशी प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा विभिन्न क्षेत्रको योगदान (प्रतिशत)
तालिका ३ : नेपालको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको योगदान (प्रतिशत)
तालिका ४ : नेपालको वैदेशिक व्यापारमा कोशी प्रदेशको हिस्सा (प्रतिशत)
तालिका ५ : कोशी प्रदेशमा रहेका उच्च हिम शिखरहरू
तालिका ६ : राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र
तालिका ७ : ताल, तलैया तथा पोखरी
तालिका ८ : खानी तथा खनिज
तालिका ९ : जडिबुटी तथा औषधीजन्य वनस्पती
तालिका १० : कोशी प्रदेश अन्तर्गत जिल्लाहरूमा वन क्षेत्रले ढाकेको क्षेत्र
तालिका ११ : कोशी प्रदेशका विभिन्न स्थानमा मापन गरिएको औसत तापक्रम तथा वर्षाको विवरण
तालिका १२ : हाल सञ्चालनमा रहेका जलविद्युत आयोजनाको सङ्ख्या र कुल क्षमता
तालिका १३ : निर्माणाधीन जलविद्युत आयोजनाको जिल्लागत अवस्था
तालिका १४ : उत्पादनका लागि इजाजतपत्र लिएका जलविद्युत आयोजनाको जिल्लागत अवस्था
तालिका १५ : कोशी प्रदेशका जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाका शाखाहरूको सङ्ख्या
तालिका १६ : कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्था
तालिका १७ : अस्पतालहरूको विवरण
तालिका १८ : क्याम्पस र प्राविधिक विद्यालय सम्बन्धी विवरण

**खण्ड ३ आर्थिक क्रियाकलाप**

तालिका १ : कोशी प्रदेशमा सञ्चालनमा रहेका उद्योग र व्यवसायको विवरण
तालिका २ : उत्पादनमुलक उद्योगको जिल्लागत सङ्ख्या
तालिका ३ : कृषिमा आधारित व्यवसाय
तालिका ४ : खानी तथा खनिज पदार्थमा आधारित उद्योग व्यवसाय
तालिका ५ : थोक तथा खुद्रा व्यापार सम्बन्धी व्यवसाय
तालिका ६ : यातायात, भण्डारण
तालिका ७ : खाना तथा आवास सेवा सम्बन्धी व्यवसाय
तालिका ८ : खाना तथा आवास सम्बन्धी व्यवसायको थप विवरण
तालिका ९ : वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसाय
तालिका १० : शैक्षिक संस्था सम्बन्धी विवरण
तालिका ११ : स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण
तालिका १२ : घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको विवरण
तालिका १३ : उद्योग व्यवसायमा व्यक्तिको संलग्नताको आधारमा
तालिका १४ : विभिन्न औद्योगिक वर्गीकरण अनुसारका उद्योग र स्थापनाका बखत रोजागारी सङ्ख्या
तालिका १५ : निर्यातमुलक उद्योग व्यवसाय

**खण्ड ४ कृषि, उत्पादनमुलक उद्योग र पर्यटन**

तालिका १ : प्रमुख कृषि बालीको सबैभन्दा धेरै उत्पादन वा उत्पादकत्व रहेका जिल्ला
तालिका २ : पशुपालनतर्फ दुध, खसी बाखाको मासु र बंगुरको मासु बढी उत्पादन हुने जिल्लाको विवरण
तालिका ३ : प्रदेश अन्तर्गतका जिल्लाहरूमा सञ्चालनमा रहेका हाट बजारको विवरण
तालिका ४ : कृषि उपजको खुद्रा बिक्री केन्द्र

तालिका ५ : कृषि उपजको थोक बजार
तालिका ६ : कोशी प्रदेशको औद्योगिक अर्थतन्त्र
तालिका ७ : कोशी प्रदेशमा उत्पादनमुलक उद्योग सम्बन्धी विवरण
तालिका ८ : उत्पादनमुलक उद्योगमा स्वदेशी र विदेशी कामदार
तालिका ९ : उत्पादनमुलक उद्योगका लागि कच्चा पदार्थको स्रोत (प्रतिशतमा)
तालिका १० : उत्पादनमुलक उद्योगका उत्पादनको बजार (प्रतिशतमा)
तालिका ११ : उद्योगको कार्य सम्पादन (नाफा वा घाटा)
तालिका १२ : कोशी प्रदेशका समावेश गरिएका गन्तव्य
तालिका १३ : पर्यटकीय स्थलहरूको विवरण
तालिका १४ : कोशी प्रदेशमा रहेका प्रमुख खेल मैदान तथा रङ्गशाला
तालिका १५ : होम स्टे, होटल तथा रिसोर्ट सङ्ख्या

## चित्र सूची

**खण्ड २ आर्थिक सामाजिक अवस्था**

चित्र १ : क्याम्पस र प्राविधिक विद्यालय सम्बन्धी विवरण

**खण्ड ३ आर्थिक क्रियाकलाप**

चित्र १ : कोशी प्रदेशमा स्थापना भएका उद्योग व्यवसायहरूको विवरण
चित्र २ : यातायात, भण्डारण सूचना तथा सञ्चार व्यवसाय
चित्र ३ : खाना तथा आवास सेवा सम्बन्धी व्यवसाय
चित्र ४ : वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसाय
चित्र ५ : स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण
चित्र ६ : स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण
चित्र ७ : घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको विवरण

**खण्ड ४ कृषि, उत्पादनमुलक उद्योग र पर्यटन**

चित्र १ : जिल्लागत रुपमा हाट बजारको सङ्ख्या
चित्र २ : जिल्लागत रुपमा कृषि उपज सङ्कलन केन्द्रको सङ्ख्या
चित्र ३ : कृषि उपज खुद्रा बिक्री केन्द्र
चित्र ४ : कृषि उपजहरूको थोक बिक्री बजारको क्षमता (मेट्रिक टनमा)
चित्र ५ : जना सो भन्दा बढी व्यक्ति रोजगार रहेका उत्पादनमुलक उद्योगको सङ्ख्या
चित्र ६ : अध्ययनमा समेटिएका उत्पादनमुलक उद्योग
चित्र ७ : उद्योगहरूको प्रकार र सङ्ख्या
चित्र ८ : नाफा र घाटामा रहेका उद्योग
चित्र ९ : पर्यटकीय स्थलहरूको प्रकार
चित्र १० : यातायात तथा भ्रमण सेवाको विवरण
चित्र ११ : होटल तथा रिसोर्टको सङ्ख्या

# खण्ड १

# आर्थिक पार्श्वचित्र र तयारी प्रक्रिया

## १.१. परिचय

आर्थिक पार्श्वचित्रमा मूलतः आर्थिक गतिविधि समावेश हुन्छ । कोशी प्रदेशमा रहेका कृषि, उद्योग र सेवा क्षेत्र अन्तर्गत प्रमुख उपक्षेत्रका तथ्याङ्क तथा जानकारीहरूमा आधारित रहेर नेपाल उद्योग वाणिज्य महासंघले कोशी प्रदेशको आर्थिक पार्श्वचित्र तयार पारेको हो । महासंघले कोशी प्रदेशका १४ वटै जिल्लाका जिल्ला शाखाहरूको समन्वय र संलग्नतामा प्रदेशभित्रको समग्र आर्थिक गतिविधि र उद्योग वाणिज्य क्षेत्रको अवस्था झल्किने गरी यो पार्श्वचित्र तयार गरेको छ । पार्श्वचित्रमा कोशी प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवसाय, कृषि, पर्यटन जस्ता प्रमुख आर्थिक उपक्षेत्रका महत्वपूर्ण विवरण समेट्ने प्रयास गरिएको छ । यस बाहेक आर्थिक, सामाजिक र जनसाङ्ख्यिक लगायतका सूचना पनि पार्श्वचित्रमा समेट्ने प्रयास गरिएको छ ।

## १.२. उद्देश्य

कोशी प्रदेशको उद्योग, वाणिज्य, पर्यटन र व्यापार/व्यवसाय सम्बन्धी विषय समेटेर विभिन्न स्रोतबाट प्रकाशित तथा प्राथमिक सूचना सङ्कलनमा आधारित रहेर यो पार्श्वचित्र तयार गरिएको छ, जसका प्रमुख उद्देश्यहरु यसप्रकार छन् :

- कोशी प्रदेशको कृषि, उद्योग र सेवा क्षेत्र लगायत समग्र आर्थिक तथ्याङ्क सहितको वस्तुस्थिति विवरण तयार गर्नु,
- सरकार र नीजि क्षेत्रले लिने निर्णय, नीति तथा योजना निर्माणलाई तथ्यपरक बनाउन योगदान गर्नु ।

## १.३. अध्ययन विधि

यो पार्श्वचित्र तयारीका लागि प्राथमिक र द्वितीयक स्रोतका तथ्याङ्क प्रयोग गरिएका छन् । यसका लागि उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले महासंघका जिल्ला शाखाका प्रतिनिधिहरूमार्फत प्राथमिक तथ्याङ्क सङ्कलन गरेको थियो भने तथ्याङ्क सङ्कलनको प्रश्नावली तयारी, तथ्याङ्क सङ्कलन तालिम, प्राप्त तथ्याङ्क विश्लेषण र एकीकृत मस्यौदा तयारीका लागि विज्ञहरूको सहयोग लिइएको थियो । समन्वय र व्यवस्थापनको कार्य नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले गरेको थियो । जिल्ला शाखाबाट उपलब्ध भएका सूचनाहरू, जिल्ला घरेलु तथा साना उद्योगमा भएका उद्योग व्यवसाय सम्बन्धी विवरण, गणकहरूले स्थलगत रुपमा लिएका जिपिएस तथ्याङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालय लगायतका निकायहरूबाट प्रकाशित सूचनाहरूका आधारमा प्राप्त सूचनाहरूलाई तालिका, स्तम्भ चित्र, पाइचार्ट लगायतको सहयोगले विश्लेषण गरिएको छ ।

## १.४ पार्श्वचित्र तयारीका सीमा

यस पार्श्वचित्रमा द्वितीय स्रोतबाट सङ्कलन गरिएको तथ्याङ्कलाई प्रमुख आधार मानिएको छ । उत्पादनमुलक उद्योगका सबै घरेलु तथा लघु उद्यममा तथ्याङ्क सङ्कलन गर्न सक्ने समय र स्रोत नहुँदा राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य सम्बन्धित निकायको तथ्याङ्कलाई आधार बनाइएको छ । साना, मझौला तथा ठूला उद्योगमध्ये १० जना वा सो भन्दा बढि व्यक्तिलाई रोजगारी दिएका सबै उद्योगमा सर्वेक्षण गर्ने लक्ष्य भए पनि यो पार्श्वचित्र बनाउन निर्धारित समय र स्रोतको सीमाका कारण कतिपय अपेक्षित सूचना प्राप्त हुन नसक्दा नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला शाखामा उपलब्ध तथ्याङ्क र सङ्कलन भएका प्राथमिक सूचनाको मिश्रित प्रयोग गरिएको छ । पहाडी जिल्लामा कम सङ्ख्यामा उत्पादनमुलक उद्योग भएका कारण सकेसम्म सबै उद्योगलाई समेट्न खोजिएको छ भने झापा, मोरङ र सुनसरी जिल्लामा भने १० जना वा सोभन्दा बढीले रोजागारी पाएको उद्योग समेट्ने प्रयास गरिएको छ । तसर्थ, सबै उद्योगमा पुगेर गरिने प्रारम्भिक योजना रहेकोमा तथ्याङ्क समयवद्ध रुपमा उपलब्ध गराउन सक्ने उद्योग व्यवसायका तथ्याङ्क मात्र यस पार्श्वचित्रमा समेटिएको छ ।

# खण्ड २ आर्थिक सामाजिक अवस्था

## २.१. प्रदेश परिचय

कोशी प्रदेशको क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर रहेको छ । यस प्रदेशको पूर्वमा भारतको पश्चिम बङ्गाल प्रदेश, पूर्व-उत्तरमा भारतको सिक्किम प्रदेश, पूर्व-दक्षिण तथा दक्षिणमा भारतको विहार प्रदेश, पश्चिम-दक्षिणमा नेपालको मधेस प्रदेश तथा पश्चिम उत्तरमा नेपालको बागमती प्रदेश र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ ।

यस प्रदेश अन्तर्गत झापा, मोरङ, सुनसरी, ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा र उदयपुर गरी कुल १४ वटा जिल्लाहरू रहेका छन् । भौगोलिक रुपले यो प्रदेश हिमाल, पहाड, भित्री मधेस र तराई मिलेर बनेको छ । उत्तरमा हिमाली भेग, मध्यभागमा पहाड र दक्षिणी भागमा तराईका जिल्ला छन् । कोशी नदीको पश्चिमी भेगमा महाभारत र चुरे पहाडको बिचमा होचो भू-भाग समेटिएका भित्री मधेसका जिल्ला रहेका छन् । यो प्रदेशमा नेपालको सबैभन्दा होचो भू-भाग समुन्द्र सतहबाट ५८ मिटरको उचाईमा रहेको केचना-कवलदेखि ८,८४८.८६ मिटर उचाई रहेको विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ । तराई, पहाड र हिमालसहितको यो प्रदेशमा नेपालको सबैजसो भौगोलिक विविधता रहेको छ ।

कोशी प्रदेशका १४ जिल्ला मध्ये हिमाली तीन जिल्लाहरू सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङको जम्मा क्षेत्रफल १०,४३८ बर्ग कि.मि. रहेको छ । ओखलढुङ्गा, खोटाङ, भोजपुर, तेह्रथुम, पाँचथर र इलाम गरी सात पहाडी जिल्लाहरूको जम्मा क्षेत्रफल ८६८६ बर्ग कि.मि. छ । भित्री मधेस रहेको उदयपुर जिल्लाको क्षेत्रफल २,०६३ वर्ग कि.मि. छ । बाँकी तीन तराईका जिल्लाहरू झापा, मोरङ र सुनसरीको जम्मा क्षेत्रफल ४,७१८ बर्ग कि.मि. रहेको छ ।

यो प्रदेशमा सप्तकोशीका सहायक नदी एकीकृत भएर सप्तकोशी नदी बग्ने गर्दछ । सप्तकोशी, इन्द्रावती, लिखु, तमोर, दुधकोशी, अरुण, तामाकोशी र सुनकोशी नदी मिलेर बनेको नदी प्रणाली हो ।

## २.२. जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ, जसमध्ये पुरुष सङ्ख्या २४,१७,३२८ (४८.७२ प्रतिशत) र महिला सङ्ख्या २५,४४,०८४ (५१.२८ प्रतिशत) छ । जस अनुसार लैङ्गिक अनुपात अर्थात् प्रति १०० जना महिलामा पुरुषको सङ्ख्या ९५.०२ रहेको छ । गत २०६८ सालमा कुल जनसङ्ख्या ४५,३४,९४३ र लैङ्गिक अनुपात ९१.४८ थियो । कोशी प्रदेशको जनगणना अवधिको वार्षिक औषत जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत रहेको छ । कोशी प्रदेशमा सबैभन्दा बढी वार्षिक औषत जनसङ्ख्या वृद्धिदर भएको जिल्ला झापा (१.९७ प्रतिशत) र सबैभन्दा कम वार्षिक औसत जनसङ्ख्या वृद्धिदर भएको जिल्ला खोटाङ्ग (-१.५६ प्रतिशत) रहेको छ । कोशी प्रदेशमा जनघनत्व १९२ जना प्रतिवर्ग कि.मि. रहेको छ । सबैभन्दा धेरै जनघनत्व सुनसरी जिल्लामा (७३७ जना प्रतिवर्ग किलोमिटर) र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा (३२ जना प्रतिवर्ग किलोमिटर) रहेको छ । जनगणना अनुसार कोशी प्रदेशमा कुल जनसङ्ख्याको ६२.८ प्रतिशत जनसङ्ख्या १५ देखि ५९ वर्ष उमेर समूहका रहेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको पछिल्ला तीन जनगणनाको जिल्लागत स्थिति अनुसार जनसङ्ख्या वृद्धिदर तलको तालिकामा प्रस्तुत छ ।

**तालिका १ : जनसङ्ख्या वृद्धिको तुलनात्मक अवस्था (प्रतिशत)**

| क्र.सं | जिल्ला | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १.१५ | -०.५५ | -०.५३ |
| २ | पाँचथर | १.४३ | -०.५२ | -१.०२ |
| ३ | इलाम | २.१० | ०.२६ | -०.३६ |
| ४ | झापा | १.४८ | १.६६ | १.९७ |
| ५ | मोरङ | २.२३ | १.३५ | १.६६ |
| ६ | सुनसरी | ३.३० | १.९९ | १.८६ |
| ७ | धनकुटा | १.२९ | -०.१९ | -०.७८ |
| ८ | तेह्रथुम | ०.९५ | -१.०८ | -१.३० |
| ९ | संखुवासभा | १.१५ | -०.०३ | -०.०४ |
| १० | भोजपुर | ०.३१ | -१.०७ | -१.३९ |
| ११ | सोलुखुम्बु | १.०२ | -०.१७ | -०.०९ |
| १२ | ओखलढुङ्गा | १.१७ | -०.५७ | -०.५६ |
| १३ | खोटाङ | ०.६९ | -१.१५ | -१.५६ |
| १४ | उदयपुर | २.६३ | ०.९९ | -०.६८ |
| **जम्मा** | | | | **०.८६** |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, विभिन्न वर्षको जनगणना प्रतिवेदन*

माथिको तालिकामा देखिए अनुसार अघिल्लो जनगणनाको तुलनामा वि.सं. २०५८ मा सबै जिल्लामा जनसङ्ख्या वृद्धि भएको देखिन्छ । सबैभन्दा धेरै सुनसरीमा ३.३ प्रतिशत र सबैभन्दा कम भोजपुरमा ०.३१ प्रतिशतले जनसङ्ख्या वृद्धि भएको थियो । जनसङ्ख्या वृद्धि २०६८ सालमा २०५८ को भन्दा निकै कम भएको देखिन्छ। सो वर्ष १४ मध्ये ९ जिल्लाको जनसङ्ख्या वृद्धिदर नकारात्मक रहेको देखिन्छ। पछिल्लो जनगणनाले झापा जिल्लाको जनसङ्ख्या वृद्धिदर सबैभन्दा बढी (१.९७ प्रतिशत) रहेको देखिन्छ भने खोटाङको जनसङ्ख्या वृद्धिदर सबैभन्दा कम (-१.५६ प्रतिशत) रहेको देखिन्छ । झापा, मोरङ र सुनसरी बाहेक सबै जिल्लामा जनसङ्ख्याको नकारात्मक वृद्धिदर रहेको देखिन्छ ।

## २.३. आर्थिक क्रियाकलाप

नेपालको जनगणना २०७८ अनुसार कोशी प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेको र एकजना पनि तलबी कामदार नराखेको कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार १,१६,४७९ (९.८%) रहेका छन् । यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये घरेलु उद्योग २८,५४७ (२४.५%), व्यापार/व्यवसाय ५७,२९२ (४९.२%), यातायात ७,४०३(६.४%), सेवा ११,६५९ (१० %) र ११,५७८ (९.९ %) अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने परिवार छन् । उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रुपमा पुरुषले सञ्चालन गरेको ४६.५ प्रतिशत र महिलाले सञ्चालन गरेको ५३.५ प्रतिशत रहेका छन् ।

प्रदेशमा दश वर्ष वा सो भन्दा बढी उमेरका ४१,२७,०९४ जना व्यक्तिहरू मध्ये २९,३२,२०९ जना (७१ प्रतिशत) आर्थिक रुपले सक्रिय र ११,९१,५०९ जना (२८.९ प्रतिशत) निष्कृय रहेका छन् । आर्थिक रुपले सक्रिय वा निष्कृय अवस्था नखुलेका व्यक्तिहरू ३,३७६ जना रहेका छन् । रोजगार जनसङ्ख्या दश वर्ष वा सोभन्दा बढी उमेरका २१,३४,८९१ जना, आर्थिक रुपले सक्रिय व्यक्तिहरू मध्ये २०,२४,००४ जना (९४.८ प्रतिशत) रोजगार र १,१०,८८७ जना (५.२ प्रतिशत) बेरोजगार रहेका छन् ।

आर्थिक गतिविधिमा संलग्न कुल जनसङ्ख्या मध्ये ४९.२ प्रतिशत पुरुष र ५०.८ प्रतिशत महिला रहेका छन् । पेशागत रुपमा सबैभन्दा बढी कृषि, वन र माछापालनमा संलग्न दक्ष कामदार ५४.५ प्रतिशत रहेका छन् । यसपछि क्रमशः सामान्य वा प्राथमिक पेशाका कामदारहरू २१ प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ५.३ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदार ५.३ प्रतिशत, व्यवस्थापकहरू ४.९ प्रतिशत, पेशाविद् ३.२ प्रतिशत, यन्त्र प्रचारक तथा जडान गर्ने कादारहरू २.८ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू १.५ प्रतिशत, कार्यालय सहायकहरू १ प्रतिशत र सशस्त्र सैनिक अधिकारीहरू ०.४ प्रतिशत रहेका छन् ।

कोशी प्रदेशमा आर्थिक क्रियाकलापमा संलग्न जनसङ्ख्या मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्र ६२.७ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापारमा ११.१ प्रतिशत, निर्माणमा ९.० प्रतिशत, औद्योगिक उत्पादनमा ४.१ प्रतिशत र अन्य सेवामा २.८ प्रतिशत जनसङ्ख्या संलग्न छ ।

## २.४. प्रदेश अर्थतन्त्र

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन सम्बन्धी विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. ८ खर्ब ४९ अर्ब ६४ करोड ९० लाख रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनका आधारमा पछिल्लो ५ आर्थिक वर्षमा कोशी प्रदेशको अर्थतन्त्रको संरचना यस प्रकार रहेको छ ।

**तालिका २ : कोशी प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा विभिन्न क्षेत्रको योगदान (प्रतिशत)**

| क्षेत्र | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| कृषि | ३३.७ | ३४.५ | ३५.२ | ३३.९ | ३३.२ |
| उद्योग | १८.५ | १६.७ | १७.० | १७.५ | १६.९ |
| सेवा | ४७.८ | ४८.८ | ४७.८ | ४८.६ | ४९.९ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा देखाए अनुसार कोशी प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान ३३.२ प्रतिशतदेखि ३५.२ प्रतिशतसम्म रहेको देखिन्छ । आ.व.२०७५/७६ मा उद्योग क्षेत्रको योगदान १८.५ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरूमा उद्योग क्षेत्रले गर्ने योगदान कम भई १६.७ देखि १७.५ प्रतिशतसम्ममा सीमित भएको देखिन्छ ।

**तालिका ३ : नेपालको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको योगदान (प्रतिशत)**

| क्षेत्र | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| कृषि | २१.३५ | २१.७५ | २१.७४ | २१.७५ | २१.७० |
| उद्योग | १९.५२ | १९.४० | १९.६६ | १९.६४ | १९.८३ |
| सेवा | १२.५८ | १२.६५ | १२.६१ | १२.५८ | १२.६३ |
| जम्मा | १५.५३ | १५.८५ | १५.९३ | १५.८३ | १५.७९ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा देखाइए अनुसार कोशी प्रदेशले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १५.५३ प्रतिशतदेखि १५.९३ प्रतिशतसम्म योगदान गरेको देखिन्छ। कृषितर्फको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको योगदान सबैभन्दा बढि अर्थात् २१.३५ प्रतिशतदेखि २१.७५ प्रतिशतसम्म रहेको छ। उद्योगतर्फ १९.४० देखि १९.८३ प्रतिशतसम्म योगदान गरेको देखिन्छ। सेवातर्फ भने कोशी प्रदेशको हिस्सा अधिकतम १२.६३ प्रतिशतसम्म रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशले सबै क्षेत्रमा पुर्‍याएको योगदान तुलनात्मक रुपमा स्थिर रहेको माथिको तालिकामा देख्न सकिन्छ।

## २.५. नेपालको बैदेशिक व्यापारमा कोशी प्रदेशको योगदान

विगत पाँच आर्थिक वर्षमा कोशी प्रदेशका भन्सार नाकाबाट भएको आयात र निर्यातको अवस्था तलको तालिकामा देखाइएको छ।

**तालिका ४ : नेपालको वैदेशिक व्यापारमा कोशी प्रदेशको हिस्सा (प्रतिशत)**

| **आयात** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
|---|---|---|---|---|---|
| बिराटनगर | १२.४५ | ११.०४ | १२.३२ | ११.०९ | ११.५७ |
| मेची | २.७७ | २.७२ | २.८६ | ३.१५ | २.८७ |
| **जम्मा** | **१५.२२** | **१३.७६** | **१५.१८** | **१४.२४** | **१४.४४** |
| **निर्यात** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
| बिराटनगर | २९.४९ | ३२.९६ | २६.०५ | २८.४४ | २५.०३ |
| मेची | १०.२९ | ८.७५ | ८.९३ | ६.४० | १४.०३ |
| **जम्मा** | **३९.७८** | **४१.७१** | **३४.९८** | **३४.८४** | **३९.०६** |

माथिको तालिकामा देखाए अनुसार नेपालको कुल आयतमा कोशी प्रदेशका मेची र बिराटनगर भन्सार विन्दुबाट हुने आयातको अंश १३.७६ प्रतिशतदेखि १५.३० प्रतिशतसम्म रहेको देखिन्छ। निर्याततर्फ भने यी दुई बिन्दुले ३४.९८ प्रतिशतदेखि ४१.७१ प्रतिशतसम्म योगदान गरेको देखिन्छ।

## २.६. प्राकृतिक स्रोत

कोशी प्रदेश वनजंङ्गल, नदी, खानी तथा खनिज, उच्च हिमश्रृंखला लगायत विभिन्न प्राकृतिक स्रोत र सम्पदाका आधारमा अनेक सम्भावना बोकेको प्रदेश हो । यस प्रदेशमा रहेका प्राकृतिक श्रोत तथा सम्पदाको विवरण क्रमश: प्रस्तुत छ ।

### क. हिम शिखर

नेपालमा ८ हजार मिटर भन्दा अग्ला १४ वटा हिमाल रहेको नेपाल । ती मध्ये सर्वोच्च शिखर सगरमाथासहित ११ वटा हिमाल यस प्रदेशमा छन् । यस प्रदेशमा रहेका ८ हजार मिटर माथिका हिमशिखरहरूको विवरण यस प्रकार छ ।

**तालिका ५ : कोशी प्रदेशमा रहेका उच्च हिमशिखरहरू**

| हिमाल | जिल्ला | उचाई (मिटर) |
|---|---|---|
| सगरमाथा | सोलुखुम्बु | ८,८४८ |
| कञ्चनजङ्गा (मुख्य) | ताप्लेजुङ | ८, ५८३ |
| ल्होत्से | सोलुखुम्बु | ८,५१६ |
| यालुङकाङ | ताप्लेजुङ | ८,५०५ |
| कञ्चनजङ्गा सेन्ट्रल | ताप्लेजुङ | ८,४७६ |
| कञ्चनजङ्गा साउथ | ताप्लेजुङ | ८,४७६ |
| मकालु | संखुवासभा | ८,४६३ |
| ल्होत्से मिडिल | सोलुखुम्बु | ८,४१० |
| ल्होत्सेसार | सोलुखुम्बु | ८,४०० |
| चोयु | सोलुखम्बु | ८,२०१ |
| यालुकाङ वेष्ट | ताप्लेजुङ | ८,०७७ |

*स्रोत : नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय*

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार ११ वटा ८ हजार मिटर माथिका हिमाल मध्ये सोलुखुम्बु जिल्लामा सगरमाथा सहित ५ वटा, ताप्लेजुङमा ५ वटा र संखुवासभा जिल्लामा एउटा उच्च हिमशिखर रहेका छन् ।

### ख. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्र

कोशी प्रदेशको उच्च हिमाली क्षेत्रमा सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज तथा कञ्चनजङ्गा संरक्षण क्षेत्र रहेका छन् । यस प्रदेशको सबैभन्दा धेरै क्षेत्रफल ओगट्ने संरक्षित क्षेत्र कञ्चनजङ्गा संरक्षण क्षेत्र हो जसले २०३५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । त्यस्तै, सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु वरुण राष्ट्रिय निकुञ्जले क्रमश: १,१४८ वर्ग कि.मि. र १,५०० वर्ग कि.मि. क्षेत्रफल ओगटेका छन् । प्रदेशको तराई क्षेत्रका कोशी टप्पु वन्यजन्तु आरक्ष रहेको छ । कोशीटप्पु क्षेत्र नेपालको पहिलो रामसार क्षेत्रमा सुचिकृत भएको क्षेत्र हो । यसले १७५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ ।

**तालिका ६ : राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र**

| निकुञ्ज तथा आरक्ष | स्थापना (वि.सं.) | क्षेत्रफल (वर्ग कि.मि.) | अवस्थित जिल्ला |
|---|---|---|---|
| सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३३ | १, १४८ | सोलुखुम्बु |
| मकालु वरुण राष्ट्रिय निकुञ्ज | २०४९ | १,५०० | सोलुखुम्बु र संखुवासभा |
| कोशीटप्पु वन्यजन्तु आरक्षण | २०३२ | १७५ | सुनसरी, सप्तरी र उदयपुर |
| कञ्चनजङ्घा संरक्षण क्षेत्र | २०५४ | २,०३५ | ताप्लेजुङ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ग. ताल, तलैया र पोखरी

कोशी प्रदेशमा ताल तलैया तथा पोखरीहरूको उल्लेखनीय सङ्ख्या रहेको छ । यस प्रदेशमा १,३५३ ताल तलैयाहरू रहेका छन् । जुन नेपालको जम्मा ताल तलैयाहरूको एक चौथाई हुन आउँछ । हिमतालहरू धेरै सङ्ख्यामा रहेको कारणले हिमाली जिल्लाहरूमा ताल तलैयाहरूको सङ्ख्या धेरै रहेको छ । ताप्लेजुङमा रहेको जम्मा ३८० ताल तलैयाहरू मध्ये ३७८ वटा ३ हजार मिटर भन्दा बढी उचाईमा रहेका छन् । त्यस्तै अवस्था संखुवासभा र सोलुखुम्बु जिल्लामा पनि छ ।

**तालिका ७ : ताल, तलैया तथा पोखरी**

| जिल्ला | ताल तलैयाको सङ्ख्या | अवस्थिति (उचाई मिटरमा) | | |
|---|---|---|---|---|
| | | ५०० भन्दा कम | ५००-३००० | ३,००० मिटर माथि |
| ताप्लेजुङ | ३८० | ० | २ | ३७८ |
| पाँचथर | १७ | ० | १० | ७ |
| इलाम | ३० | १४ | १५ | १ |
| झापा | १३६ | १३६ | ० | ० |
| मोरङ्ग | १८४ | १८३ | १ | ० |
| सुनसरी | ६९ | ६९ | ० | ० |
| धनकुटा | ४ | ० | ४ | ० |
| तेह्रथुम | ४ | ० | ४ | ० |
| संखुवासभा | १५९ | ० | ७ | १५२ |
| भोजपुर | ७ | ० | ६ | १ |
| सोलुखुम्बु | ३३९ | ० | २ | ३३७ |
| ओखलढुङ्गा | ० | ० | ० | ० |
| खोटाङ | १० | ० | ९ | १ |
| उदयपुर | १४ | ८ | ६ | ० |
| कोशी प्रदेश | १.३५३ | ४१० | ६६ | ८७७ |
| नेपाल | ५.३५८ | २.७१३ | ४१९ | २.२२६ |
| कोशी प्रदेशको हिस्सा (%) | २५.३ | १५.१ | १५.८ | ३९.४ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार नेपालमा रहेका ताल, तलैयाको २५.३ प्रतिशत कोशी प्रदेशमा रहेको छ भने ३ हजार मिटरमाथि रहेको ताल तलैयाको २९.४ प्रतिशत सङ्ख्या यस प्रदेशमा रहेको छ । कोशी प्रदेशको ताप्लेजुङमा सबै भन्दा बढि ताल तलैया रहेका छन् भने भोजपुर, मोरङ, तेह्रथुम र झापा त्यसपछि क्रमश: उल्लेख्य सङ्ख्यामा ताल तलैया भएका जिल्ला हुन् ।

**तालिका ८ : खानी तथा खनिज**

| जिल्लाको नाम | खनिजको नाम | उपयोग |
|---|---|---|
| भोजपुर | Calcite | एसिड न्युट्रलाइजेशन, माटोको उपचार, चुना उत्पादन |
| धनकुटा | Limestone, Calcite, Dolomite | सिमेन्ट उत्पादन, रासायनिक उद्योगमा मैग्नेसियाको स्रोत |
| इलाम | Limestone, Polymetal | सिमेन्ट उत्पादन, रासायनिक |
| खोटाङ्ग | Limestone | सिमेन्ट उत्पादन |
| मोरङ्ग | Copper, Limestone | भाँडाकुडा, औद्योगिक उत्पादन |
| पाँचथर | Calcite | एसिड न्युट्रलाइजेशन, माटोको उपचार, चुन उत्पादन |
| संखुवासभा | Quartz, Tourmaline | रत्न पत्थर |
| सोलुखुम्बु | Aquamarnine, Copper | रत्न पत्थर |
| ताप्लेजुङ्ग | Quartz, Tourmaline | रत्न पत्थर |
| उदयपुर | Limestone | सिमेन्ट उत्पादन |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य*

## ङ. जडिबुटी

उच्च हिमाली भेग, महाभारत, चुरे पहाड तथा तराईको संगम रहेको यस प्रदेशमा विभिन्न प्रकारका जडिबुटी पाइन्छन् । यस प्रदेशमा पाइने जडिवुटी तथा औषधीजन्य बाली बोट विरुवा निम्नानुसार रहेका छन् ।

**तालिका ९ : जडिबुटी तथा औषधीजन्य वनस्पती**

| क्र.सं. | जडिबुटी/औषधीजन्य विरुवा | जिल्ला | पहिचान भएको उत्पादन पकेट क्षेत्र | वार्षिक उत्पादन (मे.ट) |
|---|---|---|---|---|
| १ | खोटो (Khoto) | तेह्रथुम, धनकुटा | २ | ३७०.५० |
| २ | धसिङ्गे (Dhasinge) | खोटाङ | ३ | २२० |
| ३ | चिराइतो (Chiraito) | तेह्रथुम, भोजपुर खोटाङ, इलाम, पाँचथर | ९ | १९१ |
| ४ | मजिठो (Majitho) | तेह्रथुम, भोजपुर, खोटाङ | ६ | १४४ |
| ५ | अग्रेली/लोक्ता (Ageli/Lokta) | तेह्रथुम, खोटाङ | ४ | १०३.४० |
| ६ | तेजपत्ता (Bay Leaves) | सुनसरी, उदयपुर | ५ | ९० |
| ७ | सतुवा (Satuwa) | धनकुटा, भोजपुर | ४ | २६.१० |
| ८ | अमला (Amala) | खोटाङ | ३ | २२.५० |
| ९ | अल्लो (Allo) | तेह्रथुम, भोजपुर, खोटाङ, संखुवासभा | ११ | २०.७० |
| १० | कुरिलो (Kurilo) | | ४ | ६.९० |
| ११ | टिमुर (Timur) | | | २.३० |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य*

### च. जलस्रोत/नदी

नेपालकै सबैभन्दा ठुलो नदी कोशी यस प्रदेशमा रहेको छ । यसका ७ वटा सहायक नदीहरूमध्ये अरुण, तमोर, दुधकोशी, लिखु र सुनकोशी यो प्रदेश भएर बगेका छन् । अरुण र तमोरको मुहान तिब्बतमा पर्दछ । उच्च हिमाली क्षेत्रको हिम नदीको हिउँ पग्लिएर बग्ने यी नदीहरूमा वर्षभरि नै ठुलो मात्रामा पानी बग्दछ । वर्षायाममा आ-आफ्नो नदी क्षेत्रका स-साना खोलाहरूबाट पनि पानी थपिई यस्ता नदीमा पानीको बहाव उच्च रहने गर्दछ । यस प्रदेश क्षेत्रका महाभारत पहाडबाट उद्गम भएर बग्ने अन्य नदीहरूमा मेची, कन्काई र त्रियुगा मुख्य रहेका छन् । यी नदीहरूमा सुख्खायाममा समेत पनि केही मात्रामा पानी बग्दछ । यस्तै चुरे पहाडबाट उद्गम भई बग्ने नदी/खोलाहरूमा सुख्खायाममा पानी अत्यन्त कम वा शुन्य हुन्छ भने वर्षायाममा ठुलो बाढी आउने गर्दछ ।

### छ. वन जङ्गल

कोशी प्रदेश प्रशस्त मात्रामा वन जङ्गलले ढाकेको क्षेत्र हो । तराई क्षेत्रको प्रसिद्ध चारकोशे झाडी यो प्रदेशमा पर्दछ । त्यस्तै मध्य तथा उच्च पहाडी क्षेत्रका वन क्षेत्र उल्लेखनीय मात्रामा रहेको छ । वन तथा भू-संरक्षण मन्त्रालयको तथ्याङ्क अनुसार यो प्रदेशमा कुल ४३.३ प्रतिशत भू-भाग वन क्षेत्रले ढाकेको छ जुन नेपालको कुल वनले ढाकेको क्षेत्र ४४.७% कै हाराहारी हो । जिल्लागत तहमा हेर्दा, उदयपुरमा सबैभन्दा बढी वन क्षेत्र ६५% र झापामा सबैभन्दा कम ११ % वन क्षेत्र रहेको छ ।

**तालिका १० : कोशी प्रदेश अन्तर्गत जिल्लाहरूमा वन क्षेत्रले ढाकेको क्षेत्र**

| जिल्ला | वनले ढाकेको क्षेत्र (%) | जिल्ला | वनले ढाकेको क्षेत्र (%) |
|---|---|---|---|
| ताप्लेजुङ | ४३.१ | तेह्रथुम | ४९.१ |
| पाँचथर | ५७.७ | संखुवासभा | ५५ |
| इलाम | ५५.७ | भोजपुर | ४८.१ |
| झापा | ११ | सोलुखुम्बु | ३२.९ |
| मोरङ | २४.३ | ओखलढुङ्गा | ४८.८ |
| सुनसरी | १९.३ | खोटाङ | ४६.९ |
| धनकुटा | ४१ | उदयपुर | ६५ |
| कोशी प्रदेश | ४३.३ | | |
| नेपाल | ४४.७ | | |

*स्रोत : नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय*

## २.७. जलवायु

कोशी प्रदेश भौगोलिक रुपमा तराई, पहाड र हिमाल मिलेर बनेको हुँदा यहाँको जलवायु पनि एकै किसिमको नभई विभिन्न प्रकृतिको रहेको छ । उष्ण मनसुन, न्यानो समशीतोष्ण, ठण्डा समशीतोष्ण, लेकाली र हिमाली गरी पाँच प्रकारको हावापानी यस प्रदेशमा पाइन्छ । तराई तथा शिवालिक, मध्य तथा उच्च पहाडी र हिमाली क्षेत्रमा औसत तापक्रम क्रमशः २०-२५ डि.से., १०-२० डि.से. र ३ डि.से. भन्दा कमदेखि १० डि.से.सम्म रहन्छ । यिनै क्षेत्रहरूमा वार्षिक वर्षा क्रमशः ११०-३०० से.मि., २७.५-२३० से.मि. र १५-२० से.मि. हुने गर्दछ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सन् २०१७ मा न्यूनतम तापक्रम मध्ये सबैभन्दा बढी धरानमा २०.६ डि.से. तथा सबैभन्दा कम ताप्लेजुङ १२.६ डि.से. मापन गरिएको छ । वर्षाको मापनतर्फ सबैभन्दा कम औसत वार्षिक वर्षा तेह्रथुममा तथा सबैभन्दा बढी झापाको केचनामा रेकर्ड गरिएको थियो ।

**तालिका ११ : कोशी प्रदेशका विभिन्न स्थानमा मापन गरिएको औसत तापक्रम तथा वर्षाको विवरण**

| मापन केन्द्र | जिल्ला | औसत तापक्रम (डि.से) | | | वर्षा (मि.मि.) वार्षिक औसत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | औसत | |
| ताप्लेजुङ | ताप्लेजुङ | १२.७ | २२.९ | १७.८ | |
| फिदिम | पाँचथर | | | | ११६१.८ |
| इलाम टी स्टेट | इलाम | | | | ११०१.३ |
| कचेना | झापा | १९.५ | ३०.८ | २५.१ | २,६८८.४ |
| विराटनगर | मोरङ | १९.९ | ३१ | २५.४ | १०३८.२ |
| चतरा | सुनसरी | १९ | ३१.७ | २५.३ | १५६४.७ |
| धरान | सुनसरी | २०.६ | ३०.५ | २५.६ | २२१५.७ |
| धनकुटा | धनकुटा | १५.६ | २४.५ | २०.५ | ९३६.५ |
| पाखीबास | धनकुटा | १२.९ | २१.५ | १७.२ | १४०४.७ |
| लेगुवाघाट | धनकुटा | | | | ९३६.४ |
| तेह्रथुम | तेह्रथुम | | | | ८७६.१ |
| खाँदबारी | संखुवासभा | १६.५ | २४.९ | २०.७ | १३९३.६ |
| चैनपुर | संखुवासभा | १५.४ | २५.८ | २०.६ | ११४२.५ |
| चेपुवा | संखुवासभा | | | | २७५८.३ |
| ओखलढुङ्गा | ओखलढुङ्गा | १३.१ | २२.८ | १८ | १५७९.६ |
| दिक्तेल | खोटाङ | १४.२ | २३ | १८.६ | १५०९.८ |
| खोटाङ | खोटाङ | | | | ९४१.८ |
| उदयपुरगढी | उदयपुर | | | | १६२७. |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.८. ऊर्जा

कोशी प्रदेशमा विभिन्न नदी प्रणालीका कारण जलविद्युत उत्पादन क्षमता उच्च छ। हालसम्म जम्मा ३३४ मेगावाट जलविद्युत उत्पादन क्षमताका ३३ आयोजना सम्पन्न भइसकेका छन्। त्यसैगरी कुल २ हजार ५ सय ९५ मेगावाट जलविद्युत उत्पादन क्षमताका ६६ आयोजना निर्माणधिन छन् भने थप ५ हजार ८ सय ८ मेगावाट जलविद्युत उत्पादनका लागि ७३ आयोजनाले अनुमती लिएका छन्। यसरी अनुमती लिएका समेत सबै आयोजना सम्पन्न हुँदा कोशी प्रदेशमा ८ हजार ८ सय ३७ मेगावाट जलविद्युत उत्पादन हुनेछ। प्रदेशमा जलविद्युत बेग्लै उद्योगको रुपमा विकास भइरहेको छ। अन्य उद्योगको प्रतिस्पर्धी क्षमता विकासमा समेत जलविद्युतले महत्वपूर्ण योगदान गर्न सक्ने अवस्था छ। कोशी प्रदेशमा रहेका जलविद्युत आयोजना सम्बन्धी विवरण क्रमशः प्रस्तुत छ।

**तालिका १२ : हाल सञ्चालनमा रहेका जलविद्युत आयोजनाको सङ्ख्या र कुल क्षमता**

| क्र.सं. | जिल्ला | आयोजना सङ्ख्या | उत्पादन क्षमता (मेगावाट) |
|---|---|---|---|
| १ | ताप्लेजुङ | २ | १५ |
| २ | पाँचथर | ४ | ७२ |
| ३ | तेह्रथुम | १ | ८ |

| क्र.सं. | जिल्ला | आयोजना सङ्ख्या | उत्पादन क्षमता (मेगावाट) |
|---|---|---|---|
| ४ | इलाम | १५ | ११७ |
| ५ | झापा | ० | ० |
| ६ | संखुवासभा | ४ | १९ |
| ७ | खोटाङ | २ | १० |
| ८ | धनकुटा | ० | ० |
| ९ | भोजपुर | २ | १३ |
| १० | मोरङ | ० | ० |
| ११ | सुनसरी | ० | ० |
| १२ | सोलुखुम्बु | २ | ७४ |
| १३ | ओखलढुङ्गा | १ | ७ |
| १४ | उदयपुर | ० | ० |
| **जम्मा** | | **३३** | **३३४** |

*स्रोत : जल विद्युत विकास विभाग*

प्रस्तुत गरिएको तालिकामा कोशी प्रदेशका जिल्लाहरुमा निर्माण भई सञ्चालनमा आइरहेका जलविद्युत आयोजनाहरुको जिल्लागत सङ्ख्या र कुल उत्पादन क्षमता उल्लेख गरिएको छ । जस अनुसार सबैभन्दा धेरै जलविद्युत आयोजना सञ्चानलमा रहेको जिल्ला इलाम हो । यहाँ कुल ११७ मेगावाट क्षमताका १५ वटा आयोजनाहरु सञ्चालनमा छन् । पाँचथर र संखुवासभामा क्रमशः ७२ र १९ मेगावाट कुल क्षमताका चार/चार आयोजनाहरु सञ्चालनमा रहेका छन् । झापा, धनकुटा, मोरङ, सुनसरी र उदयपुरमा भने हालसम्म कुनै आयोजना सञ्चालमा छैनन् । समग्रमा कोशी प्रदेशभरि कुल ३३४ मेगावाटका ३३ वटा जलविद्युत आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

### तालिका १३ : निर्माणाधीन जलविद्युत आयोजनाको जिल्लागत अवस्था

| क्र.सं. | जिल्ला | आयोजना सङ्ख्या | उत्पादन क्षेमता (मेगावाट) |
|---|---|---|---|
| १ | भोजपुर | ७ | ६१ |
| २ | इलाम | ४ | २८ |
| ३ | खोटाङ | ३ | १३ |
| ४ | मोरङ | १ | २ |
| ५ | ओखलढुङ्गा | १ | ५ |
| ६ | पाँचथर | १ | ५ |
| ७ | संखुवासभा | १४ | ११६० |
| ८ | सोलुखुम्बु | १४ | ४२९ |
| ९ | ताप्लेजुङ | १९ | ८८२ |
| १० | तेह्रथुम | २ | १० |
| **जम्मा** | | **६६** | **२५९५** |

*स्रोत : विद्युत विकास विभाग*

प्रस्तुत तालिकामा कोशी प्रदेशका जिल्लाहरुमा निर्माणाधीन अवस्थामा रहेका जलविद्युत आयोजनाहरुको जिल्लागत रुपमा रहेको सङ्ख्या र तिनको उत्पादन क्षमता सम्बन्धी विवरणहरु उल्लेख गरिएको छ। तालिका अनुसार सबैभन्दा धेरै सङ्ख्यामा जलविद्युत आयोजना निर्माणको क्रममा रहेको जिल्ला ताप्लेजुङ हो । जहाँ कुल ८८२ मेगावाट क्षमताका १९ वटा आयोजनाहरु छन् । धेरै क्षमताको जलविद्युत आयोजना भने संखुवासभामा निर्माणाधीन छ । यस जिल्लामा १४ आयोजनाबाट ११६० मेगावाट जलविद्युत उत्पालन हुनेछ। कोशी प्रदेशमा जम्मा ६६ आयोजना निर्माणाधीन रहेकोमा ती आयोजना सम्पन्न हुँदा थप २५९५ मेगावाट विद्युत उत्पादन हुनेछ।

**तालिका १४ : उत्पादनका लागि इजाजतपत्र लिएका जलविद्युत आयोजनाको जिल्लागत अवस्था**

| क्र.सं. | जिल्ला | आयोजना सङ्ख्या | उत्पादन क्षेमता (मेगावाट) |
|---|---|---|---|
| १ | भोजपुर | ४ | ३०.८ |
| २ | इलाम | १ | ३.७ |
| ३ | खोटाङ | १ | ५.४ |
| ४ | ओखलढुङ्गा | ६ | ७३.०१५ |
| ५ | पाँचथर | १ | ८ |
| ६ | संखुवासभा | २६ | ३४१६.९४ |
| ७ | सोलुखुम्बु | १७ | १५०७.११ |
| ८ | ताप्लेजुङ | १५ | ५६१.५५ |
| ९ | तेह्रथुम | २ | २०२ |
| **जम्मा** | | **७३** | **५८०८** |

*स्रोत : विद्युत विकास विभाग*

प्रस्तुत तालिकामा कोशी प्रदेशका जिल्लाहरुमा नयाँ जलविद्युत आयोजना निर्माणका लागि इजाजत लिएका आयोजनाहरुको जिल्लागत सङ्ख्या र तिनको उत्पादन क्षमता सम्बन्धी विवरण उल्लेख गरिएको छ। तालिका अनुसार सबैभन्दा धेरै सङ्ख्यामा जल जलविद्युत आयोजना निर्माणका लागि इजाजतपत्र लिइएको जिल्ला संखुवासभा हो । जहाँ २६ आयोजनाबाट ३४१६.९४२ मेगावाट विद्युत उत्पादनको इजाजत लिइएको छ । समग्रमा यस प्रदेशको १४ वटा जिल्लाहरूमा ७३ नयाँ आयोजनाबाट ५ हजार ८ सय ८ मेगावाट विद्युत उत्पादनका लागि इजाजत लिइएको छ ।

## २.९. बैंक तथा वित्तीय संस्था

नेपाल राष्ट्र बैंकले २०८० मा जारी गरेको मासिक तथ्याङ्क अनुसार कोशी प्रदेशका जिल्लाहरूमा वाणिज्य बैंक (क वर्ग), विकास बैंक (ख वर्ग) र वित्तीय संस्था (ग वर्ग) का शाखाहरूको सङ्ख्या निम्नानुसार रहेको छ।

**तालिका १५ : कोशी प्रदेशका जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाका शाखाहरूको सङ्ख्या**

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्तीय संस्था | जम्मा |
|---|---|---|---|---|
| ताप्लेजुङ | २३ | ० | ० | २३ |
| पाँचथर | २७ | ३ | २ | ३२ |
| तेह्रथुम | १९ | ३ | ० | २२ |

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्तीय संस्था | जम्मा |
|---|---|---|---|---|
| इलाम | ३९ | ९ | १ | ४९ |
| झापा | १४३ | ५४ | १२ | २०९ |
| संखुवासभा | २९ | ० | ० | २९ |
| खोटाङ | १९ | ६ | ० | २५ |
| धनकुटा | २६ | ८ | १ | ३५ |
| भोजपुर | २४ | ० | १ | २५ |
| मोरङ | १७९ | ६२ | ५ | २४६ |
| सुनसरी | १३६ | ३९ | १३ | १८८ |
| सोलुखुम्बु | २७ | ० | ० | २७ |
| ओखलढुङ्गा | २४ | ४ | ० | २८ |
| उदयपुर | ४३ | ६ | १ | ५० |
| **जम्मा** | **७५८** | **३६** | **१९४** | **९८८** |

स्रोत : मासिक तथ्याङ्क, नेपाल राष्ट्र बैंक, २०८०

माथिको तालिकामा देखाइए अनुसार कोशी प्रदेशका मोरङ, झापा र सुनसरीमा क्रमशः सबैभन्दा धेरै बैंक तथा वित्तीय संस्थाका शाखा रहेका छन् । ताप्लेजुङ र तेह्रथुम क्रमशः बैंक तथा वित्तीय संस्थाका सबैभन्दा कम शाखा रहेका जिल्ला हुन् । नेपाल राष्ट्र बैंकको तथ्याङ्कमा उल्लेख भए अनुसार देशभरमा लघुवित्त वित्तीय संस्थाका ५१५१ शाखा रहेकोमा कोशी प्रदेशमा ८७० शाखा रहेका छन् । लघुवित्त वित्तीय संस्था समेत बैंक वित्तीय संस्थाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्था**

| वाणिज्य बैंक | विकास बैंक | वित्तीय संस्था | लघुवित्त | जम्मा |
|---|---|---|---|---|
| ७५८ | १९४ | ३६ | ८७० | **१८५८** |

स्रोत : नेपाल राष्ट्र बैंक

## २.९.१. स्वास्थ्य संस्थाहरू

तलको तालिकामा कोशी प्रदेश अन्तर्गतका जिल्लामा सञ्चालनमा रहेका सामुदायिक तथा नीजि अस्पतालको विवरण उल्लेख गरिएको छ । यस प्रदेशका १४ ओटा जिल्ला मध्ये सबैभन्दा धेरै अस्पताल मोरङ जिल्लामा रहेका छन् भने सबैभन्दा कम सङ्ख्या सोलुखुम्बुमा छ । निजी क्षेत्रबाट सञ्चालित अस्पताल पनि तराईका जिल्लामा केन्द्रित भएको देखिन्छ ।

### तालिका १७ : अस्पतालहरूको विवरण

| जिल्ला | सार्वजनिक/सामुदायिक अस्पताल | | | | | निजी अस्पताल | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १५ बेड सम्मको अस्पताल | १५ देखि २५ बेड | २५ देखि ३०० बेड | ३०० भन्दा माथि | जम्मा | १५ बेड सम्मको अस्पताल | १५ देखि २५ बेड | २५ देखि ३०० बेड | ३०० भन्दा माथि | जम्मा | कुल जम्मा |
| ताप्लेजुङ | २ | ० | ० | ० | **२** | १ | ० | ० | ० | **१** | **३** |
| पाँचथर | २ | २ | ० | ० | **४** | १ | १ | | | **२** | **६** |
| तेह्रथुम | ५ | १ | ० | ० | **६** | ० | ० | ० | ० | **०** | **६** |
| इलाम | १ | २ | ० | ० | **३** | ० | ० | ० | ० | **०** | **३** |
| झापा | ० | ० | २ | ० | **२** | २ | १ | ४ | ० | **७** | **९** |
| संखुवासभा | ० | १ | ० | ० | **१** | १ | २ | ० | ० | **३** | **४** |
| खोटाङ | १ | १ | ० | ० | **२** | १ | ० | ० | ० | **१** | **३** |
| धनकुटा | ० | १ | ० | ० | **१** | १ | ० | ० | ० | **१** | **२** |
| भोजपुर | १ | १ | ० | ० | **२** | १ | ० | ० | ० | **१** | **३** |
| मोरङ | १ | २ | २ | १ | **६** | ४ | ९ | १३ | २ | **२८** | **३४** |
| सुनसरी | १ | ० | ० | १ | **२** | १ | ० | १ | ० | **२** | **४** |
| सोलुखुम्बु | ० | १ | ० | ० | **१** | ० | ० | ० | ० | **०** | **१** |
| ओखलढुङ्गा | ० | ० | २ | ० | **२** | ० | ० | ० | ० | **०** | **२** |
| उदयपुर | ० | ० | १ | ० | **१** | २ | ० | ० | ० | **२** | **३** |
| **जम्मा** | **१४** | **१२** | **७** | **२** | **३५** | **१५** | **१३** | **१८** | **२** | **४८** | **८३** |

स्रोत : नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र
प्रदेश सरकार समाजिक विकास मन्त्रालयमा उपलब्ध तथ्याङ्क एकीकरण गरिएको ।

## २.९.२. शैक्षिक संस्थाहरू

कोशी प्रदेशका जिल्लामा सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित उच्च शिक्षालय र प्राविधिक विद्यालयहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका १८ : क्याम्पस र प्राविधिक विद्यालय सम्बन्धी विवरण


| जिल्ला | क्याम्पस | प्राविधिक विद्यालय | जम्मा |
|---|---|---|---|
| ताप्लेजुङ | २ | २ | **४** |
| पाँचथर | १ | १ | **२** |
| तेह्रथुम | ६ | ३ | **९** |
| इलाम | ७ | ३ | **१०** |
| झापा | ३५ | २८ | **६३** |
| संखुवासभा | ४ | २ | **६** |
| खोटाङ | ४ | ७ | **११** |
| धनकुटा | २ | ४ | **६** |
| भोजपुर | १ | ४ | **५** |

| जिल्ला | क्याम्पस | प्राविधिक विद्यालय | जम्मा |
|---|---|---|---|
| मोरङ | ५५ | २३ | **७८** |
| सुनसरी | १२ | १९ | **३१** |
| सोलुखुम्बु | २ | ३ | **५** |
| ओखलढुङ्गा | ४ | ६ | **१०** |
| उदयपुर | ५ | ६ | **११** |
| **जम्मा** | **१४०** | **१११** | **२५०** |

*स्रोत : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमा परिषद्*

माथिको तालिका अनुसार कोशी प्रदेश अन्तर्गतका जिल्लाहरुमा सबैभन्दा धेरै प्राविधिक विद्यालय र क्याम्पस सङ्ख्या रहेका जिल्लाहरुमा मोरङ, झापा र सुनसरी छन् । सोलुखुम्बु, पाँचथर, भोजपुर र ताप्लेजुङमा प्राविधिक विद्यालयहरु तुलनात्मक रुपमा कम रहेको देखिन्छ ।

**चित्र १ : क्याम्पस र प्राविधिक विद्यालय सम्बन्धी विवरण**




माथिको स्तम्भ चित्रमा मोरङ जिल्लामा सबैभन्दा थोरै क्याम्पस रहेको देखिन्छ भने झापा जिल्लामा सबैभन्दा धेरै प्राविधिक विद्यालय रहेको देखिन्छ। कोशी प्रदेशको १४ ओटा जिल्ला मध्ये पहाडी जिल्लाहरुमा तुलनात्मक रुपमा प्राविधिक विद्यालय र क्याम्पस कम रहेको देखिन्छ ।

खण्ड ३

# आर्थिक क्रियाकलाप

यस खण्डमा द्वितीयक स्रोतबाट उपलब्ध व्यवसायिक क्रियाकलाप सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । मूलतः राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७६/७७ मा गरेको आर्थिक गणना प्रतिवेदनमा आधारित रहेर यो खण्डमा प्रदेश तहको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

## ३.१ उद्योग व्यवसाय र संलग्न जनसङ्ख्या


राष्ट्रिय तथ्याङ्क कार्यालयको २०७५/७६ मा भएको आर्थिक गणना अनुसार कोशी प्रदेशको उद्योग व्यवसायको सङ्ख्या १,६८,५१८ रहेको छ । प्रदेशमा रहेका उद्योग व्यवसाय मध्ये ६२.६४ प्रतिशत झापा, मोरङ र सुनसरी जिल्लामा रहेका छन् । उदयपुर र इलाममा अन्य पहाडी जिल्ला भन्दा बढी उद्योग व्यवसाय सञ्चालनमा रहेका छन् ।

**तालिका १ : कोशी प्रदेशमा सञ्चालनमा रहेका उद्योग र व्यवसायको विवरण**

| जिल्ला | उद्योग व्यवसायको सङ्ख्या | उद्योग व्यवसायमा संम्लग्न सङ्ख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| ताप्लेजुङ | ४६५० | ११,५७३ | ६,६९९ | ४,८७४ |
| पाँचथर | ५,४३७ | १३,५३४ | ७,६६१ | ५,८७३ |
| तेह्रथुम | ३,४१२ | ८,९५५ | ५,०४५ | ३,९१० |
| इलाम | ९,६६१ | २६,८०४ | १५,११३ | ११,६९१ |
| झापा | ३८,७८९ | ११६,८३७ | ६८,८९० | ४७,९४७ |
| संखुवासभा | ६,०३८ | १९,२२७ | १०,८५० | ८,३७७ |
| खोटाङ | ४,३०८ | ११,३१४ | ६,६४५ | ४,६६९ |
| धनकुटा | ५,९९७ | १५,८२० | ८,६८५ | ७,१३५ |
| भोजपुर | ४,०७४ | १०,३६२ | ५,८७८ | ४,४८४ |
| मोरङ | ३५,२४७ | १२७,८८७ | ८३,२७५ | ४४,६१२ |
| सुनसरी | ३१,५३६ | ११२,७०८ | ६९,०२१ | ४३,६८७ |
| सोलुखुम्बु | ३,५०८ | १९,१३४ | ९,७०६ | ९,४२८ |
| ओखलढुङ्गा | ४,३४६ | २२,०३१ | १०,२९० | ११,७४१ |
| उदयपुर | ११,५१५ | २७,८९३ | १६,२७९ | ११,६१४ |
| **जम्मा** | **१,६८,५१८** | **५,४४,०७९** | **३,२४,०३७** | **२,२०,०४२** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

**चित्र १ : कोशी प्रदेशमा स्थापना भएका उद्योग व्यवसायहरूको विवरण**




माथिको स्तम्भ चित्रमा देखाइए अनुसार कोशी प्रदेश अन्तर्गतका १४ जिल्ला मध्ये सबैभन्दा बढी उद्योग व्यवसाय झापामा देखिन्छ भने त्यसपछि क्रमशः मोरङ, सुनसरी र उदयपुर जिल्लामा स्थापना भएको देखिन्छ । पहाडी जिल्लामा इलाम, संखुवासभा, धनकुटा, पाँचथर, ताप्लेजुङ देखिन्छ भने सबैभन्दा कम तेह्रथुममा रहेको देखिन्छ ।

### ३.१.१. कोशी प्रदेशमा सञ्चालनमा रहेका उत्पादनमुलक उद्योगहरूको विवरण

यस कोशी प्रदेशमा उत्पादनमुलक उद्योगको सङ्ख्या १९,३८० रहेको छ जसमा १,०१,२७९ जना संलग्न रहेका छन् । उत्पादनमुलक उद्योगहरू मध्ये तराईका चार जिल्ला र इलाम गरी ५ वटा जिल्लामा झण्डै ७७% उद्योगहरू स्थापना भएको देखिन्छ । बाँकी २३ % उद्योगहरू मात्र ९ वटा पहाडी जिल्लामा रहेको देखिन्छ ।

**तालिका २ : उत्पादनमुलक उद्योगको जिल्लागत सङ्ख्या**

| जिल्ला | उत्पादनमुलक उद्योग | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ताप्लेजुङ | पाँचथर | तेह्रथुम | इलाम | झापा | संखुवासभा | खोटाङ | धनकुटा | भोजपुर | मोरङ | सुनसरी | सोलुखुम्बु | ओखलढुङ्गा | उदयपुर | |
| उत्पादनमुलक उद्योग | ४४२ | ६८८ | ५३० | १,३०९ | ४,३१८ | ६०४ | ४८९ | ६८३ | ४२८ | ४,०८१ | ३,८३६ | २३३ | ३६७ | १,३९२ | **१९,३८०** |
| उद्योगमा संलग्न सङ्ख्या | ७८४ | १,४१२ | १,०१० | ३,९७६ | २०,४५१ | १,५६५ | ७२९ | १,११९ | ७५० | ३६,४९९ | २७,२९० | ६१८ | ७९४ | ३,५१२ | **१०१,२७९** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

### ३.१.२. कृषिमा आधारित व्यवसाय

कोशी प्रदेशमा सञ्चालनमा रहेका कृषिमा आधारित उद्योग र व्यवसायको संख्या तलको तालिकामा जिल्लागत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : कृषिमा आधारित व्यवसाय**

| जिल्ला | सञ्चालनमा रहेका उद्योग व्यवसाय | उद्योग व्यवसायमा संलग्न सङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | २८४ | ५४७ |
| पाँचथर | १०९ | ३७९ |
| तेह्रथुम | २५६ | ६०७ |
| इलाम | २२५ | १,५२८ |
| झापा | ४३६ | ४,०७९ |
| संखुवासभा | ३९७ | १,७६२ |
| खोटाङ | ५०९ | ९५२ |
| धनकुटा | ३८८ | ९८४ |
| भोजपुर | ३३५ | ४८४ |
| मोरङ | २९० | १,४८७ |
| सुनसरी | ३१८ | १,०७६ |
| सोलुखुम्बु | ८३ | १,५५४ |
| ओखलढुङ्गा | १६८ | - |
| उदयपुर | ६०८ | १,२१५ |
| **जम्मा** | **४,४०६** | **२०,४०९** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

माथिको तालिका अनुसार कृषिमा आधारित व्यवसायको सङ्ख्या मध्ये सबैभन्दा धेरै उदयपुरमा देखिन्छ भने उद्योग व्यवसायमा संलग्न सङ्ख्या झापामा धेरै देखिन्छ। कृषिमा आधारित उद्योग व्यवसाय सबैभन्दा कम सोलुखुम्बुमा देखिन्छ भने उद्योग व्यवसायमा संलग्न कम जनसङ्ख्या पाँचथरमा देखिन्छ।

### ३.१.३. खानी तथा खनिज पदार्थमा आधारित उद्योग व्यवसाय

ढुंगा, माटो, गिट्टी बालुवा लगायत सबै किसिमका खानी र खनिजमा आधारित साना, मझौला वा ठुला उद्योग (औपचारिक र अनौपचारिक) को विवरण तलको तालिकामा प्रस्तुत छ।

**तालिका ४ : खानी तथा खनिज पदार्थमा आधारित उद्योग व्यवसाय**

| जिल्ला | उद्योग व्यवसाय सङ्ख्या | संलग्न जनसङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | १०९ | ५४१ |
| पाँचथर | ६३ | ४३४ |
| तेह्रथुम | ६९ | ३४४ |
| इलाम | ३८ | ७३९ |
| झापा | ९३ | १,१३३ |
| संखुवासभा | ५८ | १,०६५ |
| खोटाङ | ४३ | ३३० |
| धनकुटा | ६१ | २६६ |
| भोजपुर | ११ | २४४ |
| मोरङ | ९७ | १,४४० |

| जिल्ला | उद्योग व्यवसाय सङ्ख्या | संलग्न जनसङ्ख्या |
|---|---|---|
| सुनसरी | १०७ | ६२७ |
| सोलुखुम्बु | १८ | १३७ |
| ओखलढुङ्गा | ४० | ४३१ |
| उदयपुर | १७४ | ९८१ |
| **जम्मा** | **९८१** | **८,७१२** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

माथिको तालिका र तलको स्तम्भ चित्रमा सबैभन्दा धेरै कोशी प्रदेशमा स्थापना भएका खानी तथा खनिज उद्योग व्यवसाय उदयपुरमा रहेका देखिन्छन् भने त्यसपछि क्रमशः ताप्लेजुङ, सुनसरी, मोरङ, झापा जिल्लामा स्थापना भएको देखिन्छन् ।

## २.१.४. थोक तथा खुद्रा व्यापार

आर्थिक बर्गीकरण अनुसार सेवा क्षेत्रका उपक्षेत्र मध्ये थोक तथा खुद्रा व्यापार (सवारी साधनको मर्मत सम्भार समेत) को जिल्लागत स्थिती तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : थोक तथा खुद्रा व्यापार सम्बन्धी व्यवसाय**

| जिल्ला | स्थापना भएका व्यवसायको सङ्ख्या | व्यवसायमा संलग्न व्यक्तिको सङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | १,६०६ | २,३३५ |
| पाँचथर | २,७१९ | ४,३८५ |
| तेह्रथुम | १,४३० | २,२७८ |
| इलाम | ४,९५५ | ८,३०५ |
| झापा | २२,३३० | ४१,२४५ |
| संखुवासभा | २,८९१ | ५,५३६ |
| खोटाङ | १,७४३ | २,८१२ |
| धनकुटा | २,५४५ | ४,४६९ |
| भोजपुर | १,७२४ | ३,१६८ |
| मोरङ | २०,३४४ | ३८,९७७ |
| सुनसरी | १७,४४३ | ३७,४२० |
| सोलुखुम्बु | १,२२३ | २,४४४ |
| ओखलढुङ्गा | २,१५१ | ४,२०१ |
| उदयपुर | ५,९२० | १०,१७९ |
| **जम्मा** | **८९,०२४** | **१६७,७५४** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

## २.१.५. यातायात, भण्डारण सूचना तथा सञ्चार व्यवसाय

आर्थिक बर्गीकरण अनुसार सेवा क्षेत्र अन्तर्गत यातायात तथा भण्डारण र सूचना तथा सञ्चारमा आधारित उद्योग व्यवसायको जिल्लागत स्थिती तलको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ६ : यातायात, भण्डारण**

| जिल्ला | स्थापना भएका व्यवसायको सङ्ख्या | व्यवसायमा संलग्न व्यक्तिको सङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | ६२ | २६८ |
| पाँचथर | ४५ | २९५ |
| तेह्रथुम | ३७ | २७७ |
| इलाम | ५१ | २५९ |
| झापा | १७६ | १,८३५ |
| संखुवासभा | ३६ | १९५ |
| खोटाङ | ७७ | ३५४ |
| धनकुटा | ५४ | २७६ |
| भोजपुर | ३८ | १४२ |
| मोरङ | १७० | १,४१० |
| सुनसरी | १८० | १,०६३ |
| सोलुखुम्बु | ३० | १७१ |
| ओखलढुङ्गा | ४९ | २२५ |
| उदयपुर | ६३ | ३१२ |
| **जम्मा** | **१,०६८** | **७,०८२** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

माथिको तालिकामा यातायात, भण्डारण सूचना तथा सञ्चार सम्बन्धी उद्योग व्यवसाय सङ्ख्यामा सबैभन्दा बढी सुनसरी, झापा र मोरङ जिल्लामा सञ्चालनमा रहेको देखिन्छ भने त्यसमा रोजगार जनसङ्ख्यामा सबैभन्दा बढी झापा, मोरङ र सुनसरीमा रहेका छन् । सबैभन्दा कम सोलुखुम्बुमा रहेको देखिन्छ ।

**चित्र २ : यातायात, भण्डारण सूचना तथा सञ्चार व्यवसाय**



### २.१.६. होटल तथा रेष्टुरेन्ट व्यवसाय

खाना खुवाउने, बसोबासको प्रबन्ध गर्ने, खाना तथा बसोबासको दुवै कार्य गर्ने, बाटोमा खाना वा खाजा बनाएर खुवाउने जस्ता सेवासहित जिल्लागत रुपमा आवास र खाना सेवा सम्बन्धी व्यवसायको सङ्ख्या तलको तालिकामा प्रस्तुत छ।


**तालिका ७ : खाना तथा आवास सेवा सम्बन्धी व्यवसाय**

| जिल्ला | व्यवसायको सङ्ख्या | व्यवसायमा संलग्न व्यक्तिको सङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | ४५७ | ९१५ |
| पाँचथर | ६१५ | १,१८४ |
| तेह्रथुम | ३३० | ६१७ |
| इलाम | १,४६४ | ३,०१२ |
| झापा | ६,०४५ | १३,३७८ |
| संखुवासभा | ६३४ | १,४०६ |
| खोटाङ | ४८७ | ८७८ |
| धनकुटा | १,०७० | २,२०६ |
| भोजपुर | ४६८ | ९५७ |
| मोरङ | ५,१३४ | १२,२८६ |
| सुनसरी | ४,८२८ | ११,५९१ |
| सोलुखुम्बु | १,२१२ | ३,०४५ |
| ओखलढुङ्गा | ४८३ | १,०६० |
| उदयपुर | १,०४२ | २,१३० |
| **जम्मा** | **२४,२६९** | **५४,६६५** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

तालिका अनुसार खाना तथा आवास सेवा सम्बन्धी व्यवसायमा सबैभन्दा बढी तराईका जिल्लामा देखिन्छ। कोशी प्रदेशका १४ जिल्ला मध्ये तराईका ४ वटा जिल्लामा ७०.२५% स्थापना भई सञ्चालनमा रहेको देखिन्छ बाँकी २९.७५% खाना तथा आवास सम्बन्धी व्यवसाय पहाडी जिल्लामा रहेको देखिन्छ। यी व्यवसाय पहाडी जिल्लामा इलाम, धनकुटा र सोलुखुम्बुमा अन्य पहाडी जिल्लाको तुलनामा बढी देखिन्छन्।

**चित्र ३ : खाना तथा आवास सेवा सम्बन्धी व्यवसाय**



खाना तथा आवास सम्बन्धी व्यवसायको थप विवरण तलको तालिकामा प्रस्तुत छ ।

**तालिका ८ : खाना तथा आवास सम्बन्धी व्यवसायको थप विवरण**

| जिल्ला | अल्पकालीन आवास | | रेष्टुरेन्ट र मोबाइल खाना सेवा | | पेयपदार्थ सम्बन्धी | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| ताप्लेजुङ | २०२ | ६.४५ | २३९ | १.२३ | १४ | ०.५६ |
| संखुवासभा | १७१ | ५.४६ | ४४५ | २.२९ | १३ | ०.५२ |
| सोलुखुम्बु | ६५० | २०.७५ | ५४८ | २.८२ | १२ | ०.४८ |
| ओखलढुङ्गा | १९७ | ६.२९ | २७६ | १.४२ | ४ | ०.१६ |
| खोटाङ | ३१३ | ९.९९ | १७२ | ०.८९ | १ | ०.०४ |
| भोजपुर | २०० | ६.३८ | २५५ | १.३१ | ९ | ०.३६ |
| धनकुटा | १८० | ५.७५ | ८१७ | ४.२१ | ५८ | २.३३ |
| तेह्रथुम | ७९ | २.५२ | २३७ | १.२२ | ७ | ०.२८ |
| पाँचथर | १७८ | ५.६८ | ४१२ | २.१२ | २४ | ०.९७ |
| इलाम | २५० | ७.९८ | ११४८ | ५.९२ | ५६ | २.२५ |
| झापा | २४४ | ७.७९ | ४९६७ | २५.६० | ७७७ | ३१.२७ |
| मोरङ | १३५ | ४.३१ | ५०५१ | २६.०३ | ८६६ | ३४.८५ |
| सुनसरी | १८६ | ५.९४ | ४००४ | २०.६३ | ५८८ | २३.६६ |
| उदयपुर | १४८ | ४.७२ | ८३४ | ४.३० | ५६ | २.२५ |
| **जम्मा** | **३१३३** | **१००.००** | **१९४०५** | **१००.००** | **२४८५** | **१००.००** |

माथिको तालिकामा देखाइए अनुसार खाना तथा आवास सेवा मध्ये आवास अर्थात् होटल र गेष्ट हाउसको संख्या ३,१३३ रहेको देखिन्छ भने रेष्टुरेन्ट लगायतका खाना सेवा व्यवसाय १९,४०५ रहेको देखिन्छ । यसैगरी पेयपदार्थ सम्बन्धी सेवा व्यवसाय २,४८५ रहेको छ ।

### २.१.७. वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसाय

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कोशी प्रदेशमा जीवन विमा कम्पनीका ३७६ र निर्जीवन विमा कम्पनीका १६५ शाखा गरी जम्मा ५५१ वटा शाखा रहेका छन् । त्यसैगरी १,८२८ बैंक तथा वित्तीय संस्था रहेका छन् । यसरी सबै किसिमका वित्तीय संस्था र विमा कम्पनीका शाखा समेत गरी वित्तीय र जीवन विमा सम्बन्धी व्यवस( ायको सङ्ख्या र संलग्न जनसङ्ख्याको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसाय**


| जिल्ला | व्यवसायको सङ्ख्या | व्यवसायमा संलग्न व्यक्तिको सङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | १३१ | ३०७ |
| पाँचथर | १५६ | ५०७ |
| तेह्रथुम | १२४ | ४५० |
| इलाम | १७१ | ७२५ |
| झापा | ६०४ | ५,१५६ |
| संखुवासभा | १३० | ७२७ |
| खोटाङ | ७२ | ३२३ |

| जिल्ला | व्यवसायको सङ्ख्या | व्यवसायमा संलग्न व्यक्तिको सङ्ख्या |
|---|---|---|
| धनकुटा | १८६ | ६४७ |
| भोजपुर | १५३ | ३७६ |
| मोरङ | ६०६ | ४,३८४ |
| सुनसरी | ४८८ | ७,२३२ |
| सोलुखुम्बु | ६४ | १,९८९ |
| ओखलढुङ्गा | ११९ | १,८०५ |
| उदयपुर | २३१ | ८४५ |
| **जम्मा** | **३,२३५** | **२५,४७३** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको आर्थिक गणना २०७६/७७ का अनुसार वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसायमा कोशी प्रदेशका १४ वटै जिल्लामध्ये मोरङ, झापा र सुनसरी जिल्लामा सबैभन्दा धेरै व्यवसाय रहेको देखिन्छ । त्यसपछि धनकुटा, इलाम र पाँचथर जिल्लामा यस्ता व्यवसाय सञ्चालनमा रहेको देखिन्छ । सबैभन्दा कम सङ्ख्या सोलुखुम्बु जिल्लामा रहेको देखिन्छ ।

**चित्र ४ : वित्तीय तथा जीवन विमा सम्बन्धी व्यवसाय**




## २.१.८. शैक्षिक संस्था सम्बन्धी विवरण

कोशी प्रदेशका जिल्लाहरुमा रहेका विद्यालय, क्याम्पस, विभिन्न सिकाई केन्द्र लगायत शैक्षिक संस्था सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।


### तालिका १० : शैक्षिक संस्था सम्बन्धी विवरण

| जिल्ला | शैक्षिक संस्थाको सङ्ख्या | संलग्न जनसङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | ३९५ | २,९५३ |
| पाँचथर | ४९२ | ३,६१४ |
| तेह्रथुम | २७२ | २,३५४ |
| इलाम | ५३९ | ५,५३४ |
| झापा | १,०१८ | १७,१५४ |
| संखुवासभा | ४३५ | ३,३९४ |
| खोटाङ | ५०९ | ३,७३८ |
| धनकुटा | ३८२ | ३,७३७ |
| भोजपुर | ३८९ | ३,०८० |
| मोरङ | १,०८४ | १८,२१२ |
| सुनसरी | १,१५४ | १५,८४३ |
| सोलुखुम्बु | २४४ | २,००२ |
| ओखलढुङ्गा | ३६१ | २,९४६ |
| उदयपुर | ५९३ | ५,७९० |
| **जम्मा** | **७,८६७** | **९०,३५१** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

कोशी प्रदेशमा सबैभन्दा बढी शैक्षिक प्रतिष्ठान सङ्ख्या १,१८४ सुनसरी जिल्लामा देखिन्छन् भने त्यसपछि क्रमशः मोरङ १,०८४ र झापामा १,०१८ स्थापना भएको देखिन्छ। उक्त संस्थाहरूमा रोजगार मध्ये सबैभन्दा धेरै मोरङ, झापा र सुनसरीमा देखिन्छ। कोशी प्रदेशका १४ ओटै जिल्ला मध्ये तराईका तीन वटा जिल्ला झापा, मोरङ र सुनसरीमा ४१% शैक्षिक संस्था र उक्त संस्थामा ५७% रोजगार रहेको देखिन्छ।

### चित्र ५ : स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण



### २.१.९. स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण

अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्था र सामाजिक सेवा सम्बन्धी व्यवसायिक इकाईको जिल्लागत सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ११ : स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण**

| जिल्ला | स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको सङ्ख्या | संलग्न जनसङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | ४०१ | १,११४ |
| पाँचथर | १०६ | ५१० |
| तेह्रथुम | ११७ | ४४० |
| इलाम | १९९ | ८०९ |
| झापा | ५०१ | ४,६५४ |
| संखुवासभा | ३५१ | १,६४७ |
| खोटाङ | १४४ | ६७८ |
| धनकुटा | २१५ | ६३४ |
| भोजपुर | २८३ | ७४७ |
| मोरङ | ५०६ | ७,१३३ |
| सुनसरी | ४०२ | ३,७४२ |
| सोलुखुम्बु | १२२ | १,६९५ |
| ओखलढुङ्गा | २४१ | २,८४७ |
| उदयपुर | ३८४ | १,००२ |
| **जम्मा** | **३,९७२** | **२७,६५२** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

कोशी प्रदेशमा ४५ प्रतिशत स्वास्थ्य तथा सामाजिक संघ संस्थाहरू तराई केन्द्रित देखिन्छ । पहाडी जिल्लामा ताप्लेजुङ र संखुवासभामा अन्य जिल्लाको तुलनामा बढी स्वास्थ्य तथा सामाजिक संघ संस्था रहेको देखिन्छ । यस क्षेत्रमा जम्मा २७,६५२ जना संलग्न रहेको देखिन्छ । यद्यपी झापा, मोरङ र सुनसरीमा अन्य जिल्लामा भन्दा बढी रोजगारी रहेको देखिन्छ ।

**चित्र ६ : स्वास्थ्य तथा सामाजिक सेवा सम्बन्धी संस्थाहरूको विवरण**



## २.१.१०. घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको विवरण

कुल गार्हस्थ्य उत्पादन गणना गर्दा सेवा क्षेत्र अन्तर्गत समेटिने घर जग्गा कारोवार, प्रसाशनिक, कला तथा मनोरञ्जन सम्वन्धी सेवा व्यवसायको जिल्लागत स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका १२ : घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको विवरण**

| जिल्ला | घर जग्गा कारोबार, पेशागत, प्रशासनीक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको सङ्ख्या | संलग्न जनसङ्ख्या |
|---|---|---|
| ताप्लेजुङ | ७६३ | १,८०९ |
| पाँचथर | ४४४ | ८१४ |
| तेह्रथुम | २४७ | ५७८ |
| इलाम | ७१० | १,९१७ |
| झापा | ३,२६८ | ७,७५२ |
| संखुवासभा | ५०२ | १,९३० |
| खोटाङ | २३५ | ५२० |
| धनकुटा | ४१३ | ६८२ |
| भोजपुर | २४५ | ४१४ |
| मोरङ | २,९३५ | ६,०५९ |
| सुनसरी | २,७८० | ६,८५४ |
| सोलुखुम्बु | २७९ | ५,४७९ |
| ओखलढुङ्गा | ३६७ | ३,९६७ |
| उदयपुर | १,१२८ | १,९२७ |
| **जम्मा** | **१४,३१६** | **४०,७०२** |

*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७५*

माथिको तालिका अनुसार घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसाय तराई केन्द्रित जिल्लामा सबैभन्दा बढी रहेको देखिन्छ । तराईका ४ वटा जिल्लामा मात्र ७०.७३% सेवा व्यवसाय केन्द्रित रहेको देखिन्छ। पहाडी जिल्लामा ताप्लेजुङ, इलाम र संखुवासभा जिल्लामा अन्य जिल्लामा भन्दा बढी तत् सम्बन्धी सेवा व्यवसाय सञ्चालनमा रहेको देखिन्छ ।

**चित्र ७ : घर जग्गा कारोबार, प्रशासनिक, कला तथा मनोरञ्जन सम्बन्धी सेवा/व्यवसायको विवरण**



### २.१.११. उद्योग व्यवसायमा व्यक्तिको संलग्नताको आधारमा

माथिका तालिकाहरूमा प्रस्तुत गरिएका विभिन्न उद्योग व्यवसाय तथा आर्थिक गतिविधि अन्तर्गत समावेश सबै क्षेत्रका उद्योग व्यवसाय र आर्थिक गतिविधिमा संलग्न जनसंख्याको सार संक्षेप तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : उद्योग व्यवसायमा व्यक्तिको संलग्नताको आधारमा**

| जिल्ला | एकजना व्यक्ति | | दुईजना | | ३ देखि ९ जना | | १० अथवा सो भन्दा माथि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उद्योग व्यवसाय सङ्ख्या | उद्योग व्यवसायमा संलग्न सङ्ख्या | उद्योग व्यवसाय सङ्ख्या | उद्योग व्यवसायमा संलग्न सङ्ख्या | उद्योग व्यवसाय सङ्ख्या | उद्योग व्यवसायमा संलग्न सङ्ख्या | उद्योग व्यवसाय सङ्ख्या | उद्योग व्यवसायमा संलग्न सङ्ख्या | व्यवसायको सङ्ख्या | संलग्न व्यक्ति |
| ताप्लेजुङ | २,४०१ | २,४०१ | १,२११ | २,४२२ | ८९१ | ४,२०७ | १४७ | २,५४३ | ४,६५० | ११,५७३ |
| पाँचथर | २,४०३ | २,४०३ | १,९७२ | ३,९४४ | ८७४ | ३,९०९ | १८८ | ३,२७८ | ५,४३७ | १३,५३४ |
| तेह्रथुम | १,५३५ | १,५३५ | १,०९१ | २,१८२ | ६५० | २,८९३ | १३६ | २,३४५ | ३,४१२ | ८,९५५ |
| इलाम | ४,३५९ | ४,३५९ | ३,१४८ | ६,२९६ | १,७७७ | ७,५२३ | ३७७ | ८,६२६ | ९,६६१ | २६,८०४ |
| झापा | १५,९७१ | १५,९७१ | १३,८९२ | २७,७८४ | ७,५४८ | ३१,७५२ | १,३७८ | ४१,३३० | ३८,७८९ | ११६,८३७ |
| संखुवासभा | १,८२० | १,८२० | २,३५६ | ४,७१२ | १,५१६ | ६,६७१ | ३४६ | ६,०२४ | ६,०३८ | १९,२२७ |
| खोटाङ | १,७२० | १,७२० | १,६५६ | ३,३१२ | ७८३ | ३,६८८ | १४९ | २,५९४ | ४,३०८ | ११,३१४ |
| धनकुटा | २,५७९ | २,५७९ | २,००७ | ४,०१४ | १,२३६ | ५,२५१ | १७५ | ३,९७६ | ५,९९७ | १५,८२० |
| भोजपुर | १,८८४ | १,८८४ | १,२०९ | २,४१८ | ८५१ | ३,७५४ | १३० | २,३०६ | ४,०७४ | १०,३६२ |
| मोरङ | १४,२७७ | १४,२७७ | १२,३१५ | २४,६३० | ७,२५६ | ३०,४६५ | १,३९९ | ५८,५१५ | ३५,२४७ | १२७,८८७ |
| सुनसरी | ११,५१३ | ११,५१३ | ११,३९२ | २२,७८४ | ७,३७५ | ३१,१६५ | १,२५६ | ४७,२४६ | ३१,५३६ | ११२,७०८ |
| सोलुखुम्बु | ६९७ | ६९७ | १,५१८ | ३,०३६ | ९६९ | ४,३६७ | ३२४ | ११,०३४ | ३,५०८ | १९,१३४ |
| ओखलढुङ्गा | १,१५० | १,१५० | १,६४७ | ३,२९४ | १,१३८ | ५,३११ | ४११ | १२,२७६ | ४,३४६ | २२,०३१ |
| उदयपुर | ५,०९२ | ५,०९२ | ४,३१४ | ८,६२८ | १,७७८ | ७,६०० | ३३१ | ६,५७३ | ११,५१५ | २७,८९३ |
| **जम्मा** | **६७,४०१** | **६७,४०१** | **५९,७२८** | **११९,४५६** | **३४,६४२** | **१४८,५५६** | **६,७४७** | **२०८,६६६** | **१६८,५१८** | **५४४,०७९** |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा कोशी प्रदेशका जिल्लाहरूमा उद्योग व्यवसायमा संलग्न व्यक्तिको आधारमा उद्योग व्यवसायको विवरण उल्लेख गरिएको छ। जसमा १ जना, २ जना, ३ देखि ९ जना र १० वा सो भन्दा बढी व्यक्ति संलग्न भएर सञ्चालन गरिने उद्योग व्यवसायको सङ्ख्या झापा जिल्लामा सबैभन्दा धेरै रहेको देखिन्छ। त्यसपछि २ जनासम्म संलग्न भएर गरिएको व्यवसाय सङ्ख्या क्रमशः झापा, मोरङ, सुनसरी र उदयपुरमा देखिन्छ। ३ देखि ९ जनासम्म संलग्न भएको उद्योग व्यवसायमा क्रमशः झापा, सुनसरी, मोरङ र उदयपुरमा देखिन्छ। इलाम, संखुवासभा, धनकुटामा अन्य पहाडी जिल्लाको तुलनामा बढी उद्योग व्यवसाय रहेको देखिन्छ।

### २.१.१२. उद्योग विभागमा दर्ता भएका उद्योग र रोजगारी प्रतिवद्धता

नेपाल सरकार अर्थ मन्त्रालयले गर्ने आर्थिक सर्वेक्षण २०७९ अनुसार कोशी प्रदेशमा हालसम्म ८५१ उद्योग स्थापना भएका छन्। उद्योग विभागले प्रकाशन गरेको औद्योगिक तथ्याङ्कमा आ.व. २०६१/६२ देखि २०७८/७९ सम्मको १७ वर्षको अवधिमा दर्ता भएका ४४३ उद्योगको विवरण समावेश छ। जसअनुसार विभिन्न औद्योगिक वर्गीकरण अनुसारका उद्योग र स्थापनाका बखत उल्लेख भएको रोजागारी सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १४ : विभिन्न औद्योगिक वर्गीकरण अनुसारका उद्योग र स्थापनाका बखत रोजागारी सङ्ख्या**

| क्र.सं | प्रकार | सङ्ख्या | रोजगारी |
|---|---|---|---|
| १ | उत्पादनमुलक | २२४ | २१४९३ |
| २ | कृषि तथा वनमा आधारित | ४० | २३३४ |
| ३ | ऊर्जामुलक | १२२ | ८३१२ |
| ४ | सूचना प्रविधिमा आधारित | १ | २३ |
| ५ | पूर्वाधारमुलक | १ | २५ |
| ६ | खानी तथा खनिज | ४ | ६१० |
| ७ | सेवामुलक | २५ | २७१८ |
| ८ | पर्यटन | २६ | १६२८ |
| **जम्मा** | | **४४३** | **३७१४३** |

माथिको तालिकामा उल्लेख भएअनुसार जम्मा ४४३ उद्योगमध्ये सबैभन्दा धेरै अर्थात् २२४ उत्पादनमुलक उद्योग रहेका छन् भने ऊर्जामुलक उद्योगको सङ्ख्या १२२ रहेको छ। अनुमानित रोजगारी समेत यी दुई उद्योगले रोजगारी तर्फ उत्पादनमुलक उद्योगले करिब ६४.१५ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ।

### २.१.१३. निर्यातमुलक उद्योग व्यवसाय

आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवासाय मध्ये मेची र विराटनगर भन्सार हुँदै वस्तु तथा सेवा निर्यात गर्ने व्यवसायको सङ्ख्या २२९ रहेको छ। जसको जिल्लागत अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १५ : निर्यातमुलक उद्योग व्यवसाय**

| जिल्ला | निर्यात व्यवसाय |
|---|---|
| धनकुटा | १ |
| इलाम | १७ |
| झापा | ५७ |
| मोरङ | ११७ |

| जिल्ला | निर्यात व्यवसाय |
|---|---|
| पाँचथर | १ |
| संखुवासभा | १ |
| सुनसरी | ३३ |
| उदयपुर | २ |
| **जम्मा** | **२२९** |

*स्रोत : विराटनगर र मेची भन्सार, २०८०*

# खण्ड ४ कृषि, उत्पादनमुलक उद्योग र पर्यटन

## ४.१. कृषि क्षेत्र

कृषि कोशी प्रदेशको अर्थतन्त्रको मुख्य स्तम्भ हो । कृषि क्षेत्रले कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कम्तीमा ३३ प्रतिशत योगदान गर्दै आएको छ । त्यसबाहेक कृषिमा आधारित प्रशोधन उद्योग र कृषि उत्पादनको व्यापारले उद्योग र सेवातर्फको गार्हस्थ्य उत्पादनमा समेत उल्लेख्य भूमिका निर्वाह गरिरहेकाले समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको प्रत्यक्ष र परोक्ष गरी ४० प्रतिशत भन्दा धेरै योगदान रहेको अनुमान छ । उत्पादनको मुल्य र कृषि अर्थतन्त्रमा योगदानका आधारमा यस प्रदेशका प्रमुख कृषि बाली यसप्रकार रहेको कोशी प्रदेशको आर्थिक वृद्धि सम्बन्धी एक अध्ययनले देखाएको छ । अध्ययन अनुसार कृषि अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गर्ने उत्पादन धान हो । तरकारी, आलु, मकै, अलैंची, अदुवा, तेलहन त्यसपछिका प्रमुख बाली हुन् ।

सो अध्ययनले दुग्ध उत्पादन, खसी बाखाको मासु र बंगुरको मासु कोशी प्रदेशमा पशुपालनतर्फका प्रमुख उत्पादन रहेको उल्लेख गरेको छ । गाईपालन, बाख्रापालन र बंगुरपालनका लागि सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा, भोजपुर, खोटाङ जिल्ला यस प्रदेशका प्रमुख जिल्ला हुन् ।

यस प्रदेशमा रहेका प्रमुख कृषि बालीमा चिया, अलैंची, धान, मकै, गहुँ, आलु, कोदो आदि हुन् । तरकारी र फलफूल पनि यो प्रदेशका प्रमुख बालीका रुपमा रहेका छन् । बाख्रापालन, दुग्ध उत्पादन र बंगुरपालन यहाँका प्रमुख पशुपालनका विकल्प हुन् । तराईको भूमि ऊर्वर रहेको छ । तराई र भित्री मधेसका जिल्ला झापा, मोरङ, सुनसरी र उदयपुर धान, गहुँ, तरकारी, उखु, मकै, आलु जस्ता उत्पादनका लागि महत्वपूर्ण छन् ।

अदुवा, अलैंची, चिया, अम्रिसो आदि यो प्रदेशका पहाडी जिल्लामा हुने प्रमुख उत्पादन हुन् । सुन्तला, जुनार र कागती पहाडका प्रमुख फलफूल हुन् भने केरा, आँप र लिची तराईमा उत्पादन हुने प्रमुख फलफूल हुन् । किवी, एभोकाडो खेती पहाडी जिल्लामा विस्तार भइरहेको छ । झापा सुपारीका लागि प्रख्यात छ । छुर्पी इलाम, पाँचथर, ताप्लेजुङ लगायतका जिल्लामा प्रमुख रुपमा उत्पादन हुने गरेको छ । अलैंची यहाँको प्रमुख निर्यात बाली हो । अम्रिसो, अदुवा कन्दा र मुला जस्ता तरकारी पनि भारत निर्यात हुने गरेको छ । छुर्पी अमेरिका लगायतका देशमा निर्यात भइरहेको र यसको बाह्य व्यापार निरन्तर बढिरहेको अवस्था छ । कोशी प्रदेशमा उत्पादन हुने मुख्य कृषि बाली र सो बाली सबैभन्दा धेरै उत्पादन हुने जिल्ला तलको तालिकामा प्रस्तुत छ ।

**तालिका १ : प्रमुख कृषि बालीको सबैभन्दा धेरै उत्पादन वा उत्पादकत्व रहेका जिल्ला**

| क्र.सं | उत्पादनको नाम | उत्पादकत्व (मे.ट. प्रति हेक्टर) | सबैभन्दा बढी उत्पादन हुने जिल्ला | सबैभन्दा बढी उत्पादकत्व रहेको जिल्ला |
|---|---|---|---|---|
| १ | धान | ३.७९ | झापा | झापा (४.३८) |
| २ | मकै | ३.२० | झापा | झापा (३.९६) |
| ३ | गहुँ | २.५८ | सुनसरी | झापा (३.४०) |
| ४ | कोदो | १.४४ | खोटाङ | ओखलढुंगा र उदयपुर (१.८६) |
| ५ | तेलहन (तोरी) | १.१७ | मोरङ | सुनसरी (१.४३) |

| क्र.सं | उत्पादनको नाम | उत्पादकत्व (मे.ट. प्रति हेक्टर) | सबैभन्दा बढी उत्पादन हुने जिल्ला | सबैभन्दा बढी उत्पादकत्व रहेको जिल्ला |
|---|---|---|---|---|
| ६ | आलु | १७.१८ | मोरङ | मोरङ (२०.१०) |
| ७ | चिया | १.३४ | झापा | झापा (१.९) |
| ८ | अलैंची | ०.५५ | ताप्लेजुङ | सोलुखुम्बु (०.७३) |
| ९ | अदुवा | १३.९३ | इलाम | धनकुटा (१८.३९) |
| १० | सुन्तला | ७.६९ | पाँचथर | पाँचथर (११.०५) |
| ११ | जुनार | ८.०४ | खोटाङ | इलाम (१०.७२) |
| १२ | कागती | ५.३० | खोटाङ | भोजपुर (८.०) |
| १३ | केरा | १५.९४ | झापा | सुनसरी (१८.८७) |
| १४ | तरकारी | १५.९३ | झापा | धनकुटा (२२.११) |

*स्रोत : कृषि तथ्याङ्क (२०७७/७८), नेपाल सरकार, कृषि विकास मन्त्रालय*

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार झापा जिल्लामा उल्लेखित १४ मध्ये ५ वटा बालीको सबैभन्दा धेरै उत्पादन रहेको छ भने ४ वटा बालीको सबैभन्दा धेरै उत्पादकत्व रहेको जिल्ला पनि झापा नै देखिन्छ । अलैंची, अदुवा, सुन्तला र अमिलो जातका फलफूल भने पहाडी जिल्लामा बढी उत्पादन रहेको देखिन्छ ।

**तालिका २ : पशुपालनतर्फ दुध, खसी बाखाको मासु र बंगुरको मासु बढी उत्पादन हुने जिल्लाको विवरण**

| क्र.सं | उत्पादनको नाम | जम्मा उत्पादन (मे.ट.) | सबैभन्दा बढी उत्पादन हुने जिल्ला |
|---|---|---|---|
| १ | दुध | ५२६,५६३ | मोरङ |
| २ | खसी बाखाको मासु | १४,५३७ | मोरङ |
| ३ | बंगुरको मासु | १४,५६५ | झापा |
| ४ | माछा | १०,१४० | मोरङ |
| ५ | कुखुरा | २४,९८८ | मोरङ |

*स्रोत : कृषि तथ्याङ्क (२०७९/८०), नेपाल सरकार कृषि विकास मन्त्रालय*

### ४.१.१. कृषि वस्तुको थोक तथा खुद्रा व्यापार

कोशी प्रदेशको सेवा अर्थतन्त्रमा कृषि वस्तुको थोक तथा खुद्रा व्यापारले ५ प्रतिशत भन्दा बढी योगदान गरेको छ । विभिन्न कृषि हाट, सङ्कलन केन्द्र, थोक र खुद्रा बजारमार्फत् हुने कृषि वस्तुको सङ्कलन र बिक्री वितरण कार्यले कृषि उत्पादनलाई समेत प्रोत्साहन गरेको छ । कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार अन्तर्गत स-साना पसल, सब्जी मण्डी, गुद्री, कृषि हाट, खुद्रा बजार केन्द्र, थोक बजार केन्द्र, कृषि उपज सङ्कलन केन्द्र आदि समावेश छन् । कृषि उत्पादनको सङ्कलन र बिक्री वितरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका कृषि हाट, सङ्कलन केन्द्र, थोक तथा खुद्रा बिक्री वितरण केन्द्रको सङ्ख्यात्मक स्थिति क्रमशः प्रस्तुत गरिएको छ ।

#### क. हाट बजार


यस कोशी प्रदेश अन्तर्गतका जिल्लाहरूको विभिन्न स्थानमा सञ्जालनमा रहेका हाट बजारहरूको विवरण निम्न अनुसारको तालिका र ग्राफमा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : प्रदेश अन्तर्गतका जिल्लाहरूमा सञ्चालनमा रहेका हाट बजारको विवरण**

| जिल्ला | ताप्लेजुङ | पाँचथर | तेह्रथुम | इलाम | झापा | संखुवासभा | खोटाङ | धनकुटा | भोजपुर | मोरङ | सुनसरी | सोलुखुम्बु | ओखलढुङ्गा | उदयपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हाट बजारको सङ्ख्या | ८ | २४ | ९ | २१ | ११८ | १९ | १४ | १६ | ११ | ९६ | १०८ | १७ | १७ | ११ | **४८९** |

माथिको तालिकामा जिल्लागत रुपमा हाल सञ्चालनमा रहेका हाट बजारहरूको सङ्ख्या उल्लेख गरिएको छ भने हाट बजार सञ्चालन स्थान, बार र त्यसमा भएका सुविधाको बारेमा विस्तृत रुपमा अनुसूचिमा रहेको तालिकामा उल्लेख गरिएको छ। कोशी प्रदेशमा सबैभन्दा बढी हाट बजार झापा जिल्लामा रहेको देखिन्छ भने त्यसपछि सुनसरी र मोरङ जिल्लामा सञ्चालन हुने गरेको देखिन्छ।

**चित्र १ : जिल्लागत रुपमा हाट बजारको सङ्ख्या**




*स्रोत : कृषि विभाग, २०७२/७३*

माथिको तालिकामा कोशी प्रदेशका जिल्लाहरूमा सञ्चालनमा रहेका हाट बजारहरूको सङ्ख्या देखाइएको छ। तालिका अनुसार सबैभन्दा बढी हाट बजार झापा त्यसपछि क्रमशः सुनसरी र मोरङ जिल्लामा रहेको देखिन्छ। पहाडी जिल्लाहरूमा पाँचथर, संखुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा र धनकुटा जिल्लामा अन्य पहाडी जिल्लाहरूमा भन्दा बढी देखिन्छ। सबैभन्दा कम ताप्लेजुङमा देखिन्छ।

## ख. कृषि उपज सङ्कलन केन्द्र

तलको तालिकामा प्रदेश अन्तर्गतका विभिन्न जिल्लामा कृषि उपज सङ्कलन केन्द्रको सङ्ख्या उल्लेख गरिएको छ भने सङ्कलन केन्द्रको नाम, ठेगाना र उक्त केन्द्रमा भएको भौतिक सुविधाको बारेमा विस्तृत विवरण अनुसूचिमा उल्लेख गरिएको छ।


**तालिका ३ : कृषि उपज सङ्कलन केन्द्रको विवरण**

| जिल्ला | ताप्लेजुङ | पाँचथर | तेह्रथुम | इलाम | झापा | संखुवासभा | खोटाङ | धनकुटा | भोजपुर | मोरङ | सुनसरी | सोलुखुम्बु | ओखलढुङ्गा | उदयपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कृषि उपज सङ्कलन केन्द्र** | १ | ४ | १ | ७ | ५ | २ | ३ | २३ | २ | ७ | १२ | २ | १ | ४ | **७४** |

*स्रोत : कृषि विभाग, २०७२/७३*

माथिको तालिका अनुसार कोशी प्रदेशका १४ वटै जिल्लाहरू मध्ये कृषि उपज सङ्कलन केन्द्र धनकुटा जिल्लामा सबैभन्दा बढी स्थापना र सञ्चालनमा रहेको देखिन्छ भने त्यसपछि क्रमशः सुनसरी, मोरङ र इलाम जिल्लामा स्थापना र सञ्चालनमा रहेको देखिन्छ ।

**चित्र २ : जिल्लागत रुपमा कृषि उपज सङ्कलन केन्द्रको सङ्ख्या**




*स्रोत : कृषि विभाग, २०७२/७३*

माथिको स्तम्भ चित्रमा कोशी प्रदेश अन्तर्गतका जिल्लाहरूमा कृषि उपजको सङ्कलन केन्द्रको सङ्ख्या उल्लेख गरिएको छ । सबैभन्दा बढी धनकुटामा कृषि उपज सङ्कलन केन्द्र रहेको छ भने त्यसपछि सुनसरी, इलाम र मोरङ जिल्लामा रहेको देखिन्छ । ताप्लेजुङ, तेह्रथुम र ओखलढुङ्गा जिल्लामा भने एक/एक वटा मात्र सङ्कलन केन्द्र रहेको देखिन्छ ।

**ग. कृषि उपजको खुद्रा बिक्री केन्द्र**

तलको तालिकामा कृषि उपजको खुद्रा बिक्री केन्द्र सम्बन्धी विवरण उल्लेख गरिएको छ। जसमा सबैभन्दा धेरै तराईका जिल्ला सुनसरी र मोरङमा रहेका छन् भने पहाडी जिल्लामा ओखलढुङ्गा र धनकुटामा न्यून सङ्ख्या रहेको देखिन्छ । तराईका जिल्लामा न्यून सङ्ख्या झापा र उदयपुरमा देखिन्छ । कोशी प्रदेश अन्तर्गतका जिल्लाहरू मध्ये ८ वटा जिल्लामा कुनै पनि खुद्रा बिक्री केन्द्र नभएको देखिन्छ ।


**तालिका ४ : कृषि उपजको खुद्रा बिक्री केन्द्र**

| जिल्ला | ताप्लेजुङ | पाँचथर | तेह्रथुम | इलाम | झापा | संखुवासभा | खोटाङ | धनकुटा | भोजपुर | मोरङ | सुनसरी | सोलुखुम्बु | ओखलढुङ्गा | उदयपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कृषि उपज खुद्रा बिक्री केन्द्र** | ० | ० | ० | ० | २ | ० | ० | २ | ० | १२ | १३ | ० | ७ | ३ | **३९** |

*स्रोत : कृषि विभाग, २०७२/७३*

माथिको तालिका अनुसार कृषि उपजको खुद्रा बिक्री केन्द्र सुनसरी जिल्लामा सबैभन्दा बढी देखिन्छन् भने त्यसपछि मोरङ र ओखलढुङ्गा जिल्लामा रहेका छन् । पहाडी जिल्लाहरूमा धनकुटा र ओखलढुङ्गामा मात्र बिक्री केन्द्र रहेको देखिन्छ ।

**चित्र ३ : कृषि उपज खुद्रा बिक्री केन्द्र**




*स्रोत : कृषि विभाग, २०७२/७३*

माथिको स्तम्भ चित्रमा कृषि उपजको खुद्रा बिक्री केन्द्र मध्ये सबैभन्दा धेरै सुनसरी र मोरङमा रहेको देखिन्छ भने पहाडी जिल्लाहरू मध्ये ओखलढुङ्गा र धनकुटा बाहेक अन्यमा शुन्य देखिन्छ ।


## घ. कृषि उपजहरूको थोक बजार

तलको तालिका अनुसार कोशी प्रदेशका १४ ओटा जिल्ला मध्ये तराईका तीन वटा जिल्लामा मात्र थोक बजार स्थापना र सञ्चालन भएको देखिन्छ । यी बजारमा तराई, पहाडी जिल्ला र भारतबाट कृषि उत्पादन आपूर्ति र बिक्री वितरण गर्ने गरिएको छ । कृषि उपज बिक्री बजारमा बिर्तामोडमा रहेको बजार सबैभन्दा धेरै क्षमताको रहेको देखिन्छ ।

**तालिका ५ : कृषि उपजको थोक बजार**

| जिल्ला | स्थान | थोक बिक्री बजारको क्षमता (मेट्रिकटनमा) | वस्तु आपुर्तिको स्रोत |
|---|---|---|---|
| मोरङ | कटहरी (विराटनगर महानगर पालिका- १) | ३८४०० | मोरङ, सुनसरी, झापा, सप्तरी, सिराहा, इलाम, भारत इत्यादि |
| झापा | बिर्तामोड (बिर्तामोड नगरपालिका-८) | १८५३६३ | झापा, ताप्लेजुङ, पाँचथर, इलाम, भारत इत्यादि |
| सुनसरी | अमरघाट (धरान उपमहानगर-१३) | ९५९६२ | धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, पाँचथर, सुनसरी, मोरङ र उदयपुर |

**चित्र ४ : कृषि उपजहरूको थोक बिक्री बजारको क्षमता (मेट्रिक टनमा)**




माथिको पाईचार्टमा कृषि उपजको थोक बिक्री बजारमा सबैभन्दा ठूलो क्षमताको झापामा र त्यसपछि क्रमशः सुनसरी र मोरङमा सञ्चालनमा रहेको देखिन्छ। यो पार्श्वचित्र तयार गर्दासम्म मोरङको कृषि थोक बजार सञ्चालनमा आउन नसक्दा यसको संरचना प्रयोगविहीन वा मुख्य उद्देश्य भन्दा फरक प्रयोजनमा उपयोग भएको छ।

## ४.२. उद्योग क्षेत्र

कोशी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानबारे खण्ड दुईमा उल्लेख गरिएको छ। जस अनुसार उद्योग क्षेत्रले कोशी प्रदेशको अर्थतन्त्रमा करिब १९ प्रतिशतसम्म योगदान गरेको देखिन्छ। आ.व. २०७९/८० को प्रारम्भिक अनुमान अनुसार उद्योग क्षेत्रले प्रदेशको अर्थतन्त्रमा करिब १७ प्रतिशत योगदान गरेको छ। उद्योगका उपक्षेत्र अनुसार कोशी प्रदेशको औद्योगिक अर्थतन्त्रमा विभिन्न उपक्षेत्रको योगदान तलको तालिकामा प्रस्तुत छ।

**तालिका ६ : कोशी प्रदेशको औद्योगिक अर्थतन्त्र**

| उद्योग अन्तर्गतका उपक्षेत्र | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| खानी तथा उत्खनन | ०.६ | ०.४७ | ०.४ | ०.४ | ०.४१ |
| उत्पादनमुलक उद्योग | ८.० | ६.९६ | ७.७ | ७.८ | ७.३८ |
| विद्युत, ग्याँस, वाफ तथा वातानुकुलन | १.२ | १.४५ | १.५ | १.९ | २.२० |
| पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन र सुधार क्रियाकलाप | ०.६ | ०.६२ | ०.६ | ०.५ | ०.४९ |
| निर्माण उद्योग | ८.२ | ७.२० | ६.९ | ६.७ | ६.४१ |
| **जम्मा** | **१८.५** | **१६.७१** | **१७.०** | **१७.५** | **१६.९०** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०*

माथिको तालिकामा देखाइए अनुसार पछिल्लो ३ आर्थिक वर्षमा कोशी प्रदेशको औद्योगिक अर्थतन्त्रमा उत्पादनमुलक उद्योगको योगदान सबैभन्दा बढी रहेको छ भने दोस्रो स्थानमा निर्माण उद्योग रहेको छ। आ.व. २०७५/७६ मा उत्पादनमुलक उद्योग र निर्माण उद्योगको कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ८.० र ८.२ प्रतिशत योगदान रहेकोमा आ.व. २०७९/८० मा आइपुग्दा यो हिस्सा क्रमशः ७.३८ र ६.४१ प्रतिशतमा सीमित रहने प्रारम्भिक अनुमान छ।

कोशी प्रदेशको औद्योगिक अर्थतन्त्रको प्रमुख उपक्षेत्रका रुपमा रहेको उत्पादनमुलक उद्योग सम्बन्धी थप विवरण क्रमशः प्रस्तुत गरिएको छ ।

### क. उत्पादनमुलक उद्योग सङ्ख्या, रोजगारी र उत्पादन लागत

राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको औद्योगिक प्रतिष्ठान सम्बन्धी सर्वेक्षण अनुसार कोशी प्रदेशमा जम्मा ११ हजार ६ सय २६ उत्पादनमुलक उद्योग रहेका छन् । ती उद्योगमा जम्मा ६७ हजार ९ सय ४४ जनाले रोजगारी पाएका छन् । जम्मा रोजगार सङ्ख्या समेत यो क्षेत्रमा विभिन्न भूमिकामा ९५ हजार ९ शय ६४ जना संलग्न रहेका छन् । कोशी प्रदेशमा उत्पादनमुलक उद्योगको थप विवरण तलको तालिकामा प्रस्तुत छ । प्रस्तुत तालिकामा ठूला उद्योग भन्नाले १० जना वा सोभन्दा बढी कर्मचारी वा कामदार रहेका उद्योग हुन् भने साना उद्योगमा ९ वा सोभन्दा कम कामदार भएका उद्योग समेटिएका छन् । तलको तालिकामा प्रस्तुत उत्पादनमुलक उद्योग सङ्ख्या र खण्ड ३ मा प्रस्तुत सङ्ख्याका बिचमा अन्तर देखिएको छ । यहाँ प्रस्तुत तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको औद्योगिक सर्वेक्षणको नतिजामा आधारित रहेकाले उत्पादनमुलक उद्योगको विस्तृत जानकारीका लागि यो तथ्याङ्क प्रयोग गर्न उपयुक्त हुने देखिएका हुँदा यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ७ : कोशी प्रदेशमा उत्पादनमुलक उद्योग सम्बन्धी विवरण**

| क्र.सं | सूचक | इकाई | ठूला | साना | जम्मा |
|---|---|---|---|---|---|
| १ | उद्योग | सङ्ख्या | ९०५ | १०७२१ | ११६२६ |
| २ | संलग्न व्यक्ति | सङ्ख्या | ५६९५१ | ३१३२१ | ८८२६२ |
| ३ | रोजगार | सङ्ख्या | ५४५८६ | १३३५८ | ६७९४४ |
| ४ | औषत रोजगारी | सङ्ख्या | ६०.३ | १.२ | ५.८ |
| ४ | उत्पादन | रू. हजार | १९०१५९६९४ | ३११८३५७८ | २२१३४३२७२ |
| ५ | लगत | रू हजार | १३८१२८०५४ | २२२५७५३७ | १६०३८५५९१ |
| ६ | लागत उत्पादन अनुपात | अनुपात | ०.७३ | ०.७१ | ०.७२ |


*स्रोत : औद्योगिक सर्वेक्षण २०७६/७७, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०*

माथिको तालिकामा देखाइए अनुसार प्रदेशमा सञ्चालनमा रहेका जम्मा ११ हजार ६ सय २६ उद्योग मध्ये ९ सय ५ वटा उद्योगले १० जना वा सो भन्दा बढी व्यक्तिलाई रोजगारी दिएको छ भने १० हजार ७ सय २१ उद्योग ९ जना वा सोभन्दा कम कामदार वा कर्मचारीबाट सञ्चालित छन् । यस आधारमा ठूला उद्योगले औसत ६०.३ जनालाई रोजगारी दिएको देखिन्छ भने साना उद्योगले औसत १.२ जनालाई रोजगारी दिएका छन् । लागत उत्पादन अनुपात ठूला उद्योगको ०.७३ रहेकोमा साना उद्योगको केही कम अर्थात् ०.७१ रहेको देखिन्छ ।

### ख. जिल्लागत रुपमा ठूला उद्योग सङ्ख्या

तलको तालिकामा १० अथवा सो भन्दा बढी रोजगार सङ्ख्या भएको उत्पादनमुलक उद्योगको जिल्लागत विवरण प्रस्तुत गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको औद्योगिक सर्वेक्षणमा कोशी प्रदेशमा ९ सय ५ वटा ठूला उद्योग रहेको तथ्याङ्क प्रस्तुत गरेको पृष्ठभूमिमा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला शाखाहरूबाट परिचालित तथ्याङ्क सङ्कलनकर्ताले दिएको आँकडा अनुसार १० जना वा सो भन्दा बढी रोजगार रहेको उद्योगको जिल्लागत सङ्ख्या तलको चित्र र नक्सामा प्रस्तुत गरिएको छ ।

**चित्र ५ : जना सो भन्दा बढी व्यक्ति रोजगार रहेका उत्पादनमुलक उद्योगको सङ्ख्या**




माथिको स्तम्भ चित्रमा कोशी प्रदेशमा सञ्चालन रहेका १० जना वा सो भन्दा बढी व्यक्ति रोजगार रहेका उत्पादनमुलक उद्योगहरुको बारे उल्लेख गरिएको छ। स्तम्भ चित्र अनुसार १० जना वा सो भन्दा बढी व्यक्ति रोजगार भएको उत्पादनमुलक उद्योगहरु मोरङमा रहेका छन् भने त्यसपछि सुनसरी झापा र इलाम रहेका छन् । त्यसैगरी सबैभन्दा कम भने ओखलढुङ्गा रहेको छ ।





माथिको नक्साले उद्योग व्यवसायको उपस्थिति तराईका जिल्ला केन्द्रित रहेको देखिन्छ। इलाम, धनकुटा, पाँचथर र संखुवासभामा त्यसपछि मध्यम सङ्ख्यामा उत्पादनमुलक उद्योग रहेका देखिन्छन् ।

### ग. अध्ययनमा समेटिएका उत्पादनमुलक उद्योग

कोशी प्रदेशका विभिन्न जिल्लामा गरी आ.व. २०७९/८० सम्म ८ शय ५१ उद्योग, उद्योग विभागमा दर्ता भएको पछिल्लो आर्थिक सर्वेक्षणमा उल्लेख छ। जसको महत्वपूर्ण हिस्सा उत्पादनमुलक उद्योगले ओगटेको छ। नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले महासंघको जिल्ला शाखासँगको समन्वयमा गणक छनौट गरी उपलब्ध गराएको प्रारम्भिक सूचनामा आधारित रहेर उत्पादनमुलक उद्योग सम्बन्धी विभिन्न तथ्याङ्क सङ्कलन गरेको थियो। यसक्रममा जिल्लागत रुपमा समेटिएका उत्पादनमुलक उद्योगको सङ्ख्या तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ

**चित्र ६ : अध्ययनमा समेटिएका उत्पादनमुलक उद्योग**




माथिको स्तम्भ चित्रमा कोशी प्रदेश भरी सञ्चालनमा रहेका मध्ये अध्ययनमा समेटिएका उत्पादन मुलक उद्योगहरुको सङ्ख्या प्रस्तुत गरिएको छ। जस अनुसार सबैभन्दा धेरै मोरङका २६० उद्योग समेटिएका थियो भने सबैभन्दा कम सोलुखुम्बुका २ वटा उद्योग समेटिएका थियो। हाल सञ्चालनमा रहेका र अध्ययनमा सहभागिता जनाएका उद्योगको अवस्थिति तलको नक्सामा देखाइएको छ।




माथि प्रस्तुत गरिएको नक्सामा कोशी प्रदेश अन्तर्गतका १४ जिल्लाहरुमा सञ्चालनमा रहेका मध्ये अध्ययनमा सहभागी उत्पादनमुलक उद्योगहरुको तथ्याङ्क देखाइएको छ । जस अनुसार तराईका ठूला राजमार्गले छोएका जिल्लाहरुमा धेरै उद्योगहरु सञ्चालनमा रहेको देखिन्छ भने पहाडी जिल्लाहरु ओखलढुङ्गा, संखुवासभा, सोलुखुम्बु, भोजपुर, खोटाङ, धनकुटा, पाँचथर र ताप्लेजुङमा भने कम मात्रामा स्थापना भएको देखिन्छ ।

## घ. उत्पादनमुलक उद्योगमा स्वदेशी र विदेशी कामदार

माथि प्रस्तुत स्तम्भ चित्रमा कोशी प्रदेशका १४ जिल्लाहरुमा सञ्चालनमा रहेका उत्पादन मुलक उद्योगहरुमा रोजगार गरिरहेका नेपाली र विदेशीहरुको विवरण उल्लेख गरिएको छ। तालिका अनुसार सुनसरी जिल्लाको उत्पादन मुलक उद्योगहरूमा सबैभन्दा धेरै २०५९२ नेपाली रहेका छन् भने मोरङ जिल्लाको उत्पादन मुलक उद्योगहरूमा सबैभन्दा धेरै १,९३८ विदेशी कामदार रहेका छन्। सुनसरी र झापाका उद्योगमा पनि उल्लेख्य सङ्ख्यामा विदेशी कामदार रहेका छन्। धनकुटा, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, तेह्रथुम र उदयपुरका उत्पादनमुलक उद्योगहरुमा भने विदेशी कामदार छैनन्।

**तालिका ८ : उत्पादनमुलक उद्योगमा स्वदेशी र विदेशी कामदार**

| जिल्ला | रोजगार | |
|---|---|---|
| | नेपाली | विदेशी |
| भोजपुर | ९९ | ४ |
| धनकुटा | ३२२ | ० |
| इलाम | ९०१ | २१ |
| झापा | २२७९ | १३५७ |
| खोटाङ | ७२ | ० |


| जिल्ला | रोजगार | |
|---|---|---|
| | नेपाली | विदेशी |
| मोरङ | १४८७९ | १९३८ |
| ओखलढुँगा | ८४ | ० |
| पाँचथर | २३४ | ३१ |
| संखुवासभा | २२६ | १८ |
| सोलुखुम्बु | ११ | ० |
| सुनसरी | २०५९२ | १०६९ |
| ताप्लेजुङ | २५३ | १०६ |
| तेह्रथुम | २४० | ० |
| उदयपुर | ४११ | ० |

*स्रोत : तथ्याङ्क सङ्कलन, २०७९*

### ङ. उत्पादनमुलक उद्योगका प्रकार

सर्वेक्षणका क्रममा समावेश भएका उद्योगहरूको प्रकार र सङ्ख्या तलको चार्टमा प्रस्तुत गरिएको छ ।

**चित्र ७ : उद्योगहरूको प्रकार र सङ्ख्या**




माथि प्रस्तुत पाइचार्टमा कोशी प्रदेशमा रहेका उत्पादनमुलक उद्योगमध्ये सबैभन्दा धेरै खाद्य उत्पादन सम्बन्धी २ सय ५० उद्योग रहेका छन् भने त्यसपछि क्रमशः फर्निचर उत्पादन, काठ उत्पादन, प्लास्टिक र रबर उत्पादन, धातु उत्पादन सम्बन्धी उद्योग रहेका छन् । त्यसैगरी सबैभन्दा कम छालाका सामग्री उत्पादन गर्ने उद्योग रहेका छन् ।

### ङ. कच्चा पदार्थको स्रोतका आधारमा उत्पादनमुलक उद्योगको विवरण

तलको तालिकामा उत्पादनमुलक उद्योगको कच्चा पदार्थ आपूर्तिको स्रोत अनुसार जिल्लागत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ९ : उत्पादनमुलक उद्योगका लागि कच्चा पदार्थको स्रोत (प्रतिशतमा)**

| जिल्ला | कच्चा पदार्थ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश भित्र | कोशी प्रदेश बाहिर | विदेश | कोशी प्रदेश भित्र र बाहिर | कोशी प्रदेश भित्र र विदेश | कोशी प्रदेश बाहिर र विदेश | कोशी प्रदेश भित्र, बाहिर र विदेश |
| भोजपुर | ५८.८२ | - | ५.८८ | ३५.२९ | - | - | - |
| धनकुटा | ००.०० | - | - | - | - | - | - |
| इलाम | ९०.९१ | - | - | ९.०९ | - | - | - |
| झापा | ६५.६७ | ३.७३ | २.९९ | ११.९४ | २.९९ | ४.४८ | ८.२१ |
| खोटाङ | १००.०० | - | - | - | - | - | - |
| मोरङ | ३५.७७ | - | ८.८५ | १०.३८ | ९.६२ | १.५४ | १३.८५ |
| ओखलढुङ्गा | २३.०८ | - | - | ६१.५४ | - | - | १५.३८ |
| पाँचथर | ७६.६७ | ६.६७ | १०.०० | ३.३३ | - | - | ३.३३ |
| संखुवासभा | ३७.५० | - | - | ४५.८३ | - | - | १६.६७ |
| सोलुखुम्बु | - | - | - | १००.०० | - | - | - |
| सुनसरी | ३९.१३ | ४.३५ | १६.३० | ९.७८ | १०.८७ | ३.८० | १५.७६ |
| ताप्लेजुङ | ००.०० | - | - | - | - | - | - |
| तेह्रथुम | २७.२७ | - | - | ७२.७३ | - | - | - |
| उदयपुर | ५०.०० | - | - | ४१.६७ | ८.३३ | - | - |
| **जम्मा** | **५१.२४** | **१.८६** | **१३.९९** | **१४.३६** | **६.१९** | **२.१०** | **१०.२७** |

*स्रोत : तथ्याङ्क सङ्कलन, २०७९*

माथि प्रस्तुत गरिएको तालिकामा कोशी प्रदेशमा सञ्चालनमा रहेका उत्पादनमुलक उद्योगहरुले प्रयोग गर्ने कच्चा पदार्थको स्रोत उल्लेख छ । कोशी प्रदेशभित्र, कोशी प्रदेश बाहेकका अन्य प्रदेश र विदेशबाट कच्चा पदार्थ आपूर्ति गर्ने उद्योगको जिल्लागत अवस्था तालिकामा देखाइएको छ । तालिकामा देखाइए अनुसार प्रदेशमा धेरैजसो उद्योगहरु (५१.२४ प्रतिशत) ले प्रदेश भित्रैबाट आफ्ना उद्योगको लागि कच्चा पर्दाथ प्राप्त गर्ने गरेको देखिन्छ । विदेशमा मात्र कच्चा पदार्थको स्रोत भएका उद्योग १३.९९ प्रतिशत रहेको देखिन्छ भने १६.४६ प्रतिशत उद्योगले आन्तरिक र बाह्य कच्चा पदार्थ प्रयोग गर्ने गरेको देखिन्छ ।

## छ. उत्पादनको बजारका आधारमा उत्पादनमुलक उद्योगको विवरण

तलको तालिकामा प्रस्तुत गरिए अनुसार औद्योगिक उत्पादनको प्रकृति र बजारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १० : उत्पादनमुलक उद्योगका उत्पादनको बजार (प्रतिशतमा)**

| जिल्ला | बजार | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश भित्र | कोशी प्रदेश बाहिर | विदेश | कोशी प्रदेश भित्र र बाहिर | कोशी प्रदेश भित्र र विदेश | कोशी प्रदेश बाहिर र विदेश | कोशी प्रदेश भित्र, बाहिर र विदेश |
| भोजपुर | ७६.४७ | - | - | ११.७६ | - | - | ११.७६ |
| धनकुटा | ७५.०० | - | .०० | - | - | - | - |
| इलाम | ९.०९ | ४.५५ | ०.९१ | १८.१८ | ४.५५ | ९.०९ | १३.६४ |

| जिल्ला | बजार | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश भित्र | कोशी प्रदेश बाहिर | विदेश | कोशी प्रदेश भित्र र बाहिर | कोशी प्रदेश भित्र र विदेश | कोशी प्रदेश बाहिर र विदेश | कोशी प्रदेश भित्र, बाहिर र विदेश |
| झापा | ५०.७५ | - | - | २८.३६ | - | - | २०.९० |
| खोटाङ | ००.०० | - | - | - | - | - | - |
| मोरङ | २९.६२ | १.९२ | .५४ | ४५.३८ | ४.२३ | ०.७७ | १६.५४ |
| ओखलढुङ्गा | २३.०८ | - | - | ५३.८५ | - | - | २३.०८ |
| पाँचथर | ६६.६७ | - | - | १०.०० | - | ३.३३ | २०.०० |
| संखुवासभा | ५४.१७ | - | - | ३७.५० | - | - | ८.३३ |
| सोलुखुम्बु | ००.०० | - | - | - | - | - | - |
| सुनसरी | ३१.५२ | ९.२४ | ५.४३ | ३४.७८ | २.१७ | २.१७ | १४.६७ |
| ताप्लेजुङ | ८६.३६ | - | - | १३.६४ | - | - | - |
| तेह्रथुम | ५४.५५ | - | - | २२.७३ | - | - | २२.७३ |
| उदयपुर | ३३.३३ | - | - | ६६.६७ | - | - | - |
| **जम्मा** | **३८.९९** | **३.०९** | **५.३२** | **३३.२९** | **२.२३** | **१.६१** | **१५.४७** |

*स्रोत : तथ्याङ्क सङ्कलन, २०७९*

माथि प्रस्तुत गरिएको तालिकामा कोशी प्रदेशभरिमा सञ्चालनमा रहेका उत्पादनमुलक उद्योगहरुको उत्पादनको बजार कहाँ-कहाँ छ जस्तो, कोशी प्रदेश भित्र, कोशी प्रदेश बाहिर र देश भन्दा बाहिर छन् भन्ने बारे विवरण देखाइएको छ । प्रदेशमा विभिन्न प्रकारका धेरै जसो उद्योगहरुको स्वदेश भित्रै बजार रहेको पाइन्छ भने १९.१३ प्रतिशत उद्योगको बजार देश बाहिर रहेको देखिन्छ। प्रदेश भित्र मात्र बजार रहेका उद्योग ३८.९९ प्रतिशत रहेको देखिन्छ ।

## ज. उद्योगको वर्तमान अवस्था

सर्वेक्षणमा समावेश गरिएको उद्योग व्यवसायका उत्तरदाताले दिएको सूचनाका आधारमा सम्बन्धित उद्योग नाफा वा घाटा के कस्तो अवस्थामा रहेका छन् भन्ने आधारमा उद्योगको जिल्लागत सङ्ख्या तलको तालिकामा देखाइएको छ ।


### तालिका ११ : उद्योगको कार्य सम्पादन (नाफा वा घाटा)

| जिल्ला | फाइदामा भएको (प्रतिशत) | घाटामा भएको |
|---|---|---|
| भोजपुर | ९४.१२ | १.०६ |
| धनकुटा | ६२.५० | ३७.५० |
| इलाम | ७४.२४ | २५.७६ |
| झापा | ९०.३० | ९.७० |
| खोटाङ | १००.०० | - |
| मोरङ | ३६.९२ | ६३.०८ |

| जिल्ला | फाइदामा भएको (प्रतिशत हो कि) | घाटामा भएको |
|---|---|---|
| ओखलढुङ्गा | १००.०० | - |
| पाँचथर | १००.०० | - |
| संखुवासभा | ८७.५० | १२.५० |
| सोलुखुम्बु | १००.०० | - |
| सुनसरी | ७९.८९ | २०.११ |
| ताप्लेजुङ | ८६.३६ | १३.६४ |
| तेह्रथुम | ७७.२७ | २२.७३ |
| उदयपुर | ७५.०० | २५.०० |
| **जम्मा** | **६९.१८** | **३०.८२** |

*स्रोत : तथ्याङ्क सङ्कलन, २०७९*

**चित्र ८ : नाफा र घाटामा रहेका उद्योग**




माथिको तालिकामा कोशी प्रदेशका सञ्चालनमा रहेका उत्पादन मुलक उद्योगहरू मध्ये फाइदा र घाटामा गएका उद्योगहरु सम्बन्धी विवरण उल्लेख गरिएको छ । इलाम बाहेक पहाडी जिल्लाका धेरैजसो उद्योग नाफामा रहेको देखिन्छ । खोटाङ, ओखलढुङ्गा, पाँचथर र सोलुखुम्बु जिल्लाका सबै उद्योगहरु नाफा रहेको देखिन्छ भने मोरङ जिल्लाका सबैभन्दा धेरै १ सय ६४ उद्योगहरु घाटामा रहेको देखिन्छ । त्यस्तै सुनसरी जिल्लाका सबै भन्दा धेरै १ सय ४७ उद्योगहरु नाफामा रहेको देखिन्छ । समग्रमा कोशी प्रदेशमा रहेका उद्योगमध्ये करिब ७० प्रतिशत उद्योग नाफामा र करिब ३० प्रतिशत उद्योग घाटामा रहेको देखिन्छ । नाफा र घाटामा रहेका उद्योग हिस्सा तलको चार्ट (चित्र) मा देखाइएको छ ।

## झ. ऊर्जाको प्रमुख स्रोतका आधारमा उद्योगको सङ्ख्या




माथि प्रस्तुत गरिएको नक्सामा कोशी प्रदेश अन्तर्गतका १४ जिल्लाहरुमा विभिन्न प्रकृतिका उत्पादनमुलक उद्योगले प्रयोग गर्ने ऊर्जाको प्रमुख स्रोतको चित्रण गरिएको छ। कोशी प्रदेशमा उद्योगहरुले प्रमुख ऊर्जा स्रोतहरु क्रमश: बिजुली, कोइला, पेट्रोलियम रहेका छन्। सर्वेक्षण गरिएका कुल ८ सय ८ उद्योगमध्ये सबैभन्दा धेरै (७ सय ५७) उद्योगको ऊर्जाको प्रमुख स्रोत बिजुली रहेको छ। कोइलालाई ऊर्जाको प्रमुख स्रोत बनाएका उद्योगको सङ्ख्या १८ रहेको छ भने ५ वटाले पेट्रोलियम पदार्थलाई ऊर्जाको प्रमुख स्रोत बनाएका छन्।

## ञ. लगानीका आधारमा उद्योग सङ्ख्या

सर्वेक्षणमा सहभागी उद्योगको कुल चुक्ता पुँजीका आधारमा उत्पादनमुलक उद्योग सङ्ख्या तलको नक्सामा प्रस्तुत गरिएको छ।




माथि प्रस्तुत गरिएको नक्सामा कोशी प्रदेशका १४ जिल्लाहरुमा लगानीका आधारमा उद्योगको प्रकार चित्रण गरिएको छ । प्रदेशभरि ८ सय ८ वटा उत्पादनमुलक उद्योगको तथ्याङ्क सङ्कलन गरिएकोमा मझौला उद्योग ८५, साना उद्योगहरु ४ सय ८३, घरेलु उद्योगहरु २ सय १५ र ठूला उद्योगहरु २५ रहेका छन् ।

## ४.३. पर्यटन क्षेत्र

भूगोल, प्राकृतिक सौन्दर्य, धार्मिक, ऐतिहाँसिक र साँस्कृतिक महत्व तथा विविधता, भारत, बङ्गलादेश र भुटान जस्ता पर्यटन बजारसँगको निकटता आदि कोशी प्रदेशको पर्यटन क्षेत्रका तुलनात्मक लाभका प्रमुख पक्ष हुन् । अधिकांश जिल्लामा रहेका आन्तरिक विमानस्थल, प्रमुख राजमार्गसँग सबैजसो जिल्लाको आवद्धता जस्ता सबल पक्षका कारण पनि यो प्रदेशमा पर्यटन क्षेत्रको विकास र विस्तारका पर्याप्त सम्भावना छन् । यसका बाबजुद पर्यटन क्षेत्रबाट उत्पादन र रोजगारीमा अपेक्षित योगदान पुग्न नसकेको अवस्था विद्यमान छ । कोशी प्रदेशको अर्थतन्त्रमा खाना तथा आवास सेवा र अन्य पर्यटकीय गतिविधिबाट सेवा क्षेत्रको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा ४ देखि ५ प्रतिशतसम्म योगदान भइरहेको अनुमान छ । खुम्बु क्षेत्रमा आउने बाह्य पर्यटकलाई अन्य पर्यटकीय गन्तव्यसम्म लैजान नसक्नु तथा प्रदेशभित्रका आन्तरिक विमानस्थलका बिच हवाई सम्बन्ध नहुनु तथा भारतीय पर्यटक आवागमन र खर्चका लागि अनुकुल वातावरण नहुनु जस्ता कारणले कोशी प्रदेशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान कम छ । कोशी प्रदेशमा रहेका पर्यटकीय विकल्प तथा गन्तव्य सम्बन्धी विवरण क्रमशः प्रस्तुत गरिएको छ ।

### क. प्रमुख पर्यटकीय गन्तव्यहरू

सन् २०२० लाई नेपाल सरकारले पर्यटन वर्षका रुपमा मनाउने निर्णय गरेको थियो तर कोभिड-१९ का कारण सरकारको योजना सफल हुन सकेन । यद्यपि पर्यटकीय गन्तव्यको प्रचार प्रसारका लागि नेपाल सरकारले देशभरबाट प्रमुख १०० पर्यटकीय गन्तव्य छनौट गरेको थियो । सो सूचिमा कोशी प्रदेशका निम्न गन्तव्य समावेश गरिएका थिए ।

**तालिका १२ : कोशी प्रदेशका समावेश गरिएका गन्तव्य**

| जिल्ला | वर्तमान गन्तव्य | सम्भाव्य नयाँ गन्तव्य |
|---|---|---|
| ताप्लेजुङ | पाथीभरा मन्दिर, फुङफुङे झरना | तिङबुङ पोखरी |
| पाँचथर | - | गुरू फाल्गुणानन्द सर्किट |
| इलाम | सन्दकपुर, माइपोखरी | फिक्कल, कन्याम, श्रीअन्तु सर्किट |
| तेह्रथुम | - | तिनजुरे, मिल्के, जलजले |
| झापा | बाँसबारी सिमसार | नेत्रलाल पार्क, गौरादह, अर्जँनधारा |
| संखुवासभा | अरुण भ्याली | बालेश्वर ऐतिहाँसिक गुफा |
| खोटाङ | हलेसी महादेव | बराह पोखरी |
| धनकुटा | भेडेटार, नमस्ते झरना | हलहले पटेक डाँडा पदमार्ग |
| भोजपुर | - | मुन्दुम पदमार्ग |
| मोरङ | | धनपालगढी |
| सुनसरी | कोशी टप्पु, बराह क्षेत्र, ताल तलैया | |
| सोलुखुम्बु | सगरमाथा, स्याङ्बोचे | पाँच पोखरी |
| ओखलढुङ्गा | पोकली झरना | थोलेदेम्बा डाँडा |
| उदयपुर | - | उदयपुरगढी |

*स्रोत : विभिन्न वेभसाइटहरू*

माथिको तालिकामा देखाइए अनुसार नेपाल सरकारले कोशी प्रदेशका १५ पर्यटकीय गन्तव्यलाई नेपालका १०० प्रमुख पर्यटकीय गन्तव्यमा समावेश गरेको छ । नेपाल पर्यटन बोर्ड नेपालका आकर्षक पर्यटकीय गन्तव्य अन्तर्गत सगरमाथा, पाथीभरा मन्दिर, मकालु, बरुण, हलेसी महादेव, इलाम, भेडेटार र कोशी टप्पु वन्यजन्तु आरक्षलाई समेटेको छ । यी क्षेत्रको पूर्वाधार विकास, अन्तरआवद्धता प्रवर्द्धन तथा पर्यटन सेवाको विस्तार कोशी प्रदेशको पर्यटन विकासका लागि पूर्व तयारीका कार्य हुन् ।

### ख. जिल्लागत रुपमा पर्यटकीय विकल्प तथा गन्तव्य


तलको तालिकामा कोशी प्रदेशमा जिल्लागत रुपमा पर्यटकीय आकर्षणका आधारमा पर्यटकीय गन्तव्य सङ्ख्या उल्लेख छ । पर्यटकीय स्थलहरूलाई तीन भागमा विभाजन गरिएको छ जसमा धार्मिक/ऐतिहासिक, साहसिक र पर्यावरणीय रहेको छ । तालिका अनुसार सबैभन्दा बढी पर्यटकीय स्थलहरू मोरङमा देखिन्छ भने सबैभन्दा कम उदयपुरमा देखिन्छ ।

### तालिका १३ : पर्यटकीय स्थलहरूको विवरण

| जिल्ला | जम्मा | पर्यटकीय स्थलको प्रकार | | |
|---|---|---|---|---|
| | | धार्मिक/ऐतिहासिक | साहसिक | पर्यावरणीय |
| ताप्लेजुङ | १३ | ३ | ७ | ३ |
| पाँचथर | १३ | ५ | २ | ६ |
| तेह्रथुम | २५ | ६ | २ | १७ |
| इलाम | २२ | ११ | १ | १० |
| झापा | १३ | ७ | ० | ६ |
| संखुवासभा | ८ | ६ | ० | २ |
| खोटाङ | ८ | ६ | ० | २ |
| धनकुटा | ६ | ४ | १ | १ |
| भोजपुर | २० | १२ | ० | ८ |
| मोरङ | २७ | ११ | ० | १६ |
| सुनसरी | १८ | ९ | ० | ९ |
| सोलुखुम्बु | १२ | ४ | ३ | ५ |
| ओखलढुङ्गा | ११ | ४ | १ | ६ |
| उदयपुर | ४ | ३ | ० | १ |
| **जम्मा** | **२००** | **९१** | **१७** | **९२** |

*स्रोत : तथ्याङ्क सङ्कलन, २०७९*

### चित्र ९ : पर्यटकीय स्थलहरूको प्रकार




माथिको स्तम्भ चित्रमा सबैभन्दा बढी पर्यटकीय स्थलहरू मोरङ जिल्लामा रहेको पाइन्छन्। त्यसपछि तेह्रथुम र इलाममा रहेका छन् भने साहसिक पर्यटकीय स्थलहरूमा सबैभन्दा बढी ताप्लेजुङ र सोलुखुम्बुमा रहेको देखिन्छ। सबै जिल्लामा समान रुपमा रहेको पर्यटकीय स्थलहरूमा धार्मिक/ऐतिहासिक रहेको पाइन्छ।

### ग. प्रमुख रङ्गशाला तथा खेल मैदान

कोशी प्रदेश फुटबल, क्रिकेट लगायत विभिन्न खेल तथा मनोरञ्जनात्मक गतिविधिमा अग्रणी प्रदेश हो । प्रदेशका विभिन्न स्थानमा खेल तथा मनोरञ्जनात्मक गतिविधिका लागि साना ठूला क्षेत्र तथा पूर्वाधार उपलब्ध छन् । यस प्रदेशमा रहेका प्रमुख रङ्गशाला तथा खेल मैदानको नामावली तलको तालिकामा प्रस्तुत छ ।

**तालिका १४ : कोशी प्रदेशमा रहेका प्रमुख खेल मैदान तथा रङ्गशाला**


| खेल मैदान तथा रङ्गशाला | ठेगाना | दर्शक क्षमता |
|---|---|---|
| शहिद रङ्गशाला | विराटनगर, मोरङ | १५ हजार |
| मेची रङ्गशाला | चन्द्रगढी, झापा | ५ हजार |
| बैजनाथपुर क्रिकेट मैदान | विराटनगर, मोरङ | |
| इटहरी रङ्गशाला | इटहरी, सुनसरी | १० हजार |
| धनकुटा रङ्गशाला | टुँडिखेल, धनकुटा | ५ हजार |

*स्रोत : राष्ट्रिय खेलकुद परिषद्*

### घ. यातायात तथा भ्रमण

यातायात सेवा कोशी प्रदेशको सेवा अर्थतन्त्रमा करिब १० प्रतिशत योगदान भएको सेवा क्षेत्र हो । यसमा मूलतः सार्वजनिक यातायात सेवाको मुख्य योगदान छ । त्यसबाहेक आन्तरिक र बाह्य पर्यटकको यातायात तथा भ्रमण व्यवस्थापन गर्ने सेवाले पनि अर्थतन्त्रमा केही योगदान गरेको छ । कोशी प्रदेशका विभिन्न जिल्लामा रहेका यातायात तथा भ्रमण (ट्राभल्स् एण्ड टुर) सम्बन्धी सेवा व्यवसायको विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र १० : यातायात तथा भ्रमण सेवाको विवरण**



## ङ. होटल तथा रेष्टुरेन्ट

कोशी प्रदेशमा हाल २ वटा पाँचतारे होटल र एउटा पाँचतारे डिलक्स होटल रहेका छन्। त्यस बोहक विभिन्न तहका तारे होटल, रिसोर्ट तथा पर्यटक स्तरका होटल पनि सञ्चालनमा छन्। होटल तथा रिसोर्ट र होम स्टेको जिल्लागत सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका १५ : होम स्टे, होटल तथा रिसोर्ट सङ्ख्या**

| जिल्ला | होम स्टे सङ्ख्या | होटल/रिसोर्ट सङ्ख्या | तारे होटल सङ्ख्या |
|---|---|---|---|
| भोजपुर | २ | २४ | |
| धनकुटा | | ५६ | |
| इलाम | ३ | ७४ | |
| झापा | | ३९ | २ |
| खोटाङ | | १० | |
| मोरङ | | १७ | ६ |
| ओखलढुङ्गा | १ | १० | |
| पाँचथर | १ | १३ | |
| संखुवासभा | २ | ८ | |
| सोलुखुम्बु | २ | ५५ | |
| सुनसरी | | ७२ | २ |
| ताप्लेजुङ | ३ | ६४ | |
| तेह्रथुम | २ | २४ | |
| उदयपुर | २ | २४ | |

*स्रोत : तथ्याङ्क सङ्कलन, २०७९*

माथिको तालिकामा प्रस्तुत गरिएअनुसार तारे होटल सङ्ख्या मोरङमा सबैभन्दा धेरै ६ वटा रहेको छ भने झापा र सुनसरीमा २/२ वटा तारे होटल रहेका छन्। सङ्ख्यात्मक आधारमा इलाममा सबैभन्दा धेरै होटल तथा रिसोर्ट देखिएका छन् भने संखुवासभामा सबैभन्दा कम होटल तथा रिसोर्ट रहेका छन्। ताप्लेजुङ र इलाममा ३/३ वटा होम स्टे रहेका छन्। भोजपुर, संखुवासभा, तेह्रथुम र उदयपुरमा २/२ वटा होम स्टे रहेका छन्।

**चित्र ११ : होटल तथा रिसोर्टको सङ्ख्या**



## सन्दर्भ सामग्रीहरू


प्रदेश पार्श्वचित्र, कोशी प्रदेश सरकार, प्रदेश योजना आयोग, २०७६/७७

प्रादेशिक कुल गार्हस्थ्य उत्पादन सम्वन्धी तथ्याङ्क, २०७९

राष्ट्रिय जनगणनाको विभिन्न बर्षका तथ्याङ्क तथा प्रतिवेदनहरू

विभिन्न आर्थिक बर्षको बैदेशिक व्यापार सम्वन्धी तथ्याङ्क, नेपाल सरकार, भन्सार विभाग

विभिन्न आर्थिक बर्षको औधोगिक तथ्याङ्क, नेपाल सरकार, उद्योग विभाग

राष्ट्रिय आर्थिक गणना २०७५, राष्ट्रिय तथ्याङ्क कार्यालय

औधोगिक सर्वेक्षण, २०७६, राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय कृषि तथ्याङ्क, विभिन्न आर्थिक बर्ष, नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

आर्थिक सर्बेक्षेण २०७९/८०, नेपाल सरकार, अर्थ मन्त्रालय

https://bd.nepalembassy.gov.np/blog/100-destinations-in-nepal-for-visit-nepal-2020/

https://www.nrb.org.np/contents/uploads/2023/08/Asar_2080_Publish.pdf

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका आन्तरिक प्रतिवेदन तथा दस्तावेज

कोशी प्रदेशका आर्थिक बृद्धि सम्भाव्य बस्तु तथा सेवा, कम्युनिटी इन्गेजमेन्ट्स एण्ड आउटरिच प्रालि, २०७९

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, http://ctevt.org.np/ctevtmapping/

राष्ट्रिय खेलकुद परिषद्, https://nsc.gov.np/en/infrastructure/72

विद्युत विकास विभाग, https://www.doed.gov.np/

https://nepalhimalpeakprofile.org/peak-profile/above-8000m-peak

Federation of Nepalese Chambers of Commerce & Industry Koshi Province